
## आर्थिक वर्ष २०७४/०७५ को

# मन्त्रालयगत वार्षिक प्रगति विवरण




प्रदेश सरकार
**आर्थिक मामिला तथा योजना मन्त्रालय**
प्रदेश नं.३, हेटौंडा
२०७५

आर्थिक वर्ष २०७४/२०७५ को

# मन्त्रालयगत वार्षिक प्रगति विवरण

प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नं. ३, हेटौंडा, मकवानपुर

२०७५

# मन्तव्य

नेपाल संघीय संरचनामा रुपान्तरण भएको सुरुको वर्षमा प्रदेश नं.३ को सरकारले वित्तीय अनुशासनलाई आत्मसात गरी आ.व. ०७४/७५ को छोटो अवधिका लागि भए पनि बजेट प्रदेश सभामा प्रस्तुत गरी बजेटको कार्यान्वयन गरेको अवस्था सर्वविदितै छ। आर्थिक वर्ष समाप्त हुन करिब अढाई महिना बाँकी हुँदा आएको बजेटमा विकास कार्यक्रम तथा ठूला योजनाका लागि बजेट विनियोजन नगरी चालु प्रकृतिका, प्रतिवद्ध खर्चहरु र ऐन, नियम, मापदण्ड, कार्यविधि जस्ता विषयहरु तयार गर्न बजेट विनियोजन भएको हुँदा बजेटको आकार र खर्चको स्वरुप सानो देखिएको हो। प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० बमोजिम आर्थिक वर्ष समाप्त भएको दुई महिना भित्र बजेट तथा कार्यक्रमको कार्यान्वयनको अवस्थाको मूल्यांकन गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले निर्दिष्ट विवरणहरु सहितको वार्षिक प्रगति विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ। यस अनुसार नै वार्षिक प्रगति विवरण तयार गरिएको हो।

प्रदेश सरकारका विभिन्न मन्त्रालय, सचिवालय तथा कार्यालयहरुबाट सम्पादन भएका कार्यहरुलाई थप पारदर्शी र उत्तरदायी बनाउन यस विवरणले महत्वपूर्ण योगदान पुऱ्याउने कुरामा म विश्वस्त छु। प्रस्तुत विवरणमा यस प्रदेशका सम्पुर्ण निकायहरुको संक्षिप्त परिचय, सोच, उद्देश्य, लक्ष्य, तोकिएको कार्य जिम्मेवारी, संगठन संरचना, आ.व.२०७४/०७५ मा स्वीकृत योजना तथा कार्यक्रमहरु र तिनको अवस्था, हालसम्म निर्माण गरिएका कानून एवं कार्यविधिको विवरण, सम्पादन भएका महत्वपूर्ण कार्यहरु र बजेट बक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमको प्रगति समेटिएको छ।

अन्त्यमा आ.व. २०७४/७५ मा विनियोजित बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कानून, संरचना र जनशक्तिको न्यूनतामा पनि प्रस्तुत वार्षिक प्रगति विवरणबाट सम्पादित महत्वपूर्ण कार्यहरुको बारेमा जानकारी हुने विश्वास लिएको छु। प्रस्तुत प्रतिवेदन प्रदेश सरकारका सार्वजनिक निकायहरुको गतिविधिमा जिज्ञासा राख्ने सरोकारवाला सबैलाई उपयोगी हुने देख्दछु। प्रतिवेदन तयार गर्नका लागि आवश्यक विवरण उपलब्ध गराई सहयोग पुऱ्याउने सबै मन्त्रालय निकाय र प्रतिवेदनलाई सम्पादन गरी तयार गर्न खटिएका आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव लगायत सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु।

कैलाश प्रसाद ढुङ्गेल
आर्थिक मामिला तथा योजना मन्त्री

# प्रस्तुत प्रगति विवरणको सम्बन्धमा

प्रस्तुत प्रगति विवरणमा विनियोजन ऐनद्वारा सचिवालय तथा मन्त्रालयहरुलाई आर्थिक वर्ष २०७४/७५मा विनियोजन बजेटबाट प्राप्त भएका उपलब्धीहरुलाई समावेश गरिएको छ।

प्रस्तुत प्रगति विवरणमा उल्लिखित विभिन्न मन्त्रालयहरुको कार्य क्षेत्र प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम उल्लेख गरिएको छ।

प्रस्तुत विवरणमा उल्लेख गरिएका सूचना तथा तथ्याङ्क, प्रगति विवरण लगायतका जानकारीहरु सम्बन्धित मन्त्रालयहरुले उपलब्ध गराएको सूचनाका अतिरिक्त प्रदेश लेखा नियन्त्रक कार्यालयको खर्च विवरणमा आधारित रही प्रस्तुत गरिएको छ।

आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. ३

# विषय-सूची


| क्र.सं. | विषय | पृष्ठ नं. |
|---|---|---|
| १. | प्रदेश-सभा सचिवालय | १ |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ८ |
| ३. | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | १७ |
| ४. | आर्थिक मामिला तथा योजना मन्त्रालय | २७ |
| ५. | भौतिक पूर्वाधार विकास मन्त्रालय | ३५ |
| ६. | सामाजिक विकास मन्त्रालय | ४३ |
| ७. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ५६ |
| ८. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ७० |
| ९. | मुख्य न्यायाधिवक्ताको कार्यालय | ८२ |

# मन्त्रालयगत खर्च विवरण

| क.सं. | मन्त्रालय /सचिवालय /कार्यालय | चालु | पुँजीगत | जम्मा | चालु खर्च | चालु खर्च प्रतिशत | पुँजीगत खर्च | पुँजीगत खर्च प्रतिशत | जम्मा खर्च | जम्मा खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश-सभा सचिवालय | ११३९५५६००.०० | २०५०००००.०० | १३४४५५६००.०० | ६५१२०४५५.०० | ५७.१५ | ११९०७६११.०० | ५८.०९ | ७७०२८०६६.०० | ५७.२९ | २५३१६००।- अर्थ बजेटबाट थप |
| २ | मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | २७११००००.०० | १९००००००.०० | ४६११००००.०० | १८६४३६४२.९६ | ६८.७७ | १८४०३७१६.०० | ९६.८६ | ३७०४७३५८.९६ | ८०.३५ | |
| ३ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | १५८९८०००.०० | १८४०९०००.०० | ३४३०७०००.०० | ८१२५७८५.०९ | ५१.११ | १७३२९४६४.१८ | ९४.१४ | २५४५५२४९.२७ | ७४.२० | |
| ४ | आर्थिक मामिला तथा योजना मन्त्रालय | २३३५००००.०० | १६४५००००.०० | ३९८०००००.०० | १२८५५२०२.७० | ५५.०५ | १४०७७६५९.०० | ८५.५८ | २६९३२०८५.०० | ६७.६७ | |
| ५ | भौतिक पूर्वाधार विकास मन्त्रालय | १६०७८०००.०० | १५००००००.०० | ३१०७८०००.०० | ७४३३५७८.६० | ४६.२३ | १४६८९४१२.०० | ९७.९३ | २२१२२९९०.६० | ७१.१९ | |
| ६ | सामाजिक विकास मन्त्रालय | १४२४००००.०० | १८८८००००.०० | ३३१२००००.०० | १०४७५११४.०० | ७३.५६ | १८४५३८७४.०० | ९७.७४ | २८९२८९८८.०० | ८७.३५ | |
| ७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १७७४००००.०० | १६०९२०००.०० | ३३८३२०००.०० | १००२१२०८.९० | ५६.४९ | १३०५१७०६.०० | ८१.११ | २३०७२९१४.९० | ६८.२० | |
| ८ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १८०७००००.०० | १५००००००.०० | ३३०७००००.०० | ११९०८६५१.५० | ६५.९० | १४६६६३२९.०० | ९७.७८ | २६५७४९८०.५० | ८०.३६ | |
| ९ | मुख्य न्यायाधिवक्ताको कार्यालय | ५९३००० | १८२०००० | २४१३०००.०० | ४९०८३८ | ८२.७७ | १८२०००० | १००.०० | २३१०८३८.०० | ९५.७७ | अर्थ बजेट बाट थप गरिएको |
| | जम्मा | २४७०३४६००.०० | १४११५१०००.०० | ३८८१८५६००.०० | १४५०७४४७६.७५ | | १२४३९९७७१.१८ | | २६९४७३४७१.२३ | | |
| १० | आर्थिक मामिला तथा योजना मन्त्रालय-अर्थ बजेट | २९६८७५४००.०० | ३३५२३९०००.०० | ६३२११४४००.०० | | | | | | | |
| ११ | आर्थिक मामिला तथा योजना मन्त्रालय-न्यायिक बजेट | २०००००.०० | | २०००००.०० | | | | | | | |
| | अर्थ बजेट सहित जम्मा | ५४४११००००.०० | ४७६३९००००.०० | १०२०५०००००.०० | १४५०७४४७६.७५ | २६.६६ | १२४३९९७७१.१८ | २६.११ | २६९४७३४७१.२३ | २६.४१ | |

# प्रदेश-सभा सचिवालय

## १. पृष्ठभूमिः

संविधानले लिएका उद्देश्यहरु हासिल गर्नका लागि प्रदेश सभाले विधायिकी सरकार गठन तथा नियन्त्रण गर्दछ। ती कार्यहरु मर्यादितरुपमा व्यवस्थापन गर्न सभामुख र उप सभामुखको व्यवस्था गरेको छ। प्रदेश नं. ३ को प्रदेश सभा नियमावली २०७४ मा विभिन्न समितिहरु संसदीय दलहरु, प्रमुख सचेतकहरु, सचेतकहरु जस्ता संरचनाहरु रहने व्यवस्था छ। उल्लेखित संरचनाको प्रभावकारी र मर्यादित व्यवस्थापन गर्नको लागि कर्मचारीहरुको आवश्यक्ता पर्ने हुनाले प्रदेश सभा सचिवालयको स्थापना भएको हो।

## २. सोचः

प्रदेश स्तरीय राज्य व्यवस्थामा विधिको शासन र सविधानको भावनालाई सम्मान गर्ने।

## ३. उद्देश्यः

- सार्वजनिक सरोकारका विषयमा जनहित प्रवर्धन गर्न आवश्यक विधेयकको औचित्यता पुष्टि गर्दै कार्यान्यनको लागि पास गर्ने।
- सरकारका हरेक गतिविधीमा संसदीय समिति मार्फत निगरानी एवं निर्देशन गर्दै सरकार संचालनका लागि मार्ग प्रसस्त गर्ने।
- सार्वभौम संसदको रुपमा रहेको सभाले सरकार गठन र अविश्वासको प्रस्तावको माध्यमबाट शक्ति पृथकीकरणको सिद्धान्त अवलम्बन गर्दै सिमित सरकारको अवधारणालाई मुर्त रुप दिने।

## ४. लक्ष्यः

- मौलिक हक कार्यान्वयन गर्न कानून निर्माण गर्ने।
- सार्वजनिक महत्वका विषयमा आवश्यक कानून निर्माण गर्ने।
- संसदको विधायिकि कार्यमा सहयोग गर्ने।
- संसदीय समिति मार्फत विषयगत मन्त्रालयहरुको कार्यमा नियन्त्रण निगरानी एवं समन्वय गर्ने।

## ५. कार्य जिम्मेवारीः


प्रदेश सभा सचिवालयका देहायका कार्य जिम्मेवारी रहेका छन्:

- प्रदेश सभा प्रदेश सभा समितिको विधायिकी कार्यमा सहयोग गर्ने।
- प्रदेश सभा, समिति र सभाका सदस्यलाई आवश्यक सेवा सुविधा उपलव्ध गराउने।

- प्रदेश सभाको काम कारबाही सुचारु ढङ्गले संचालन गर्न प्रशासनिक, आर्थिक र भौतिक व्यवस्थापन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने।
- प्रदेश सभा परिसरमा सुरक्षा प्रबन्ध मिलाउने।
- संसदीय अध्ययन तथा अनुसन्धान सम्बन्धी कार्य गर्ने।
- प्रदेश सभाका दलका कार्यालयलाई आवश्यक सेवा सुविधा उपलव्ध गराउने।

## ६. संगठन संरचना र स्वीकृत दरबन्दीः

### (क) संगठन संरचना



**(ख) स्वीकृत दरबन्दी**

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह | जम्मा दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | सचिवालय सचिव | रा.प.प्रथम | संसद | | १ | |
| २. | उपसचिव | रा.प.द्वितीय | प्रशासन | सामान्य प्रशासन | २ | |
| ३. | उपसचिव | रा.प.द्वितीय | कानून | | १ | |
| ४. | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सामान्य प्रशासन | ४ | |
| ५. | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | १ | |
| ६. | कानून अधिकृत | रा.प.तृतीय | न्याय | कानून | १ | |
| ७. | कम्प्युटर अधिकृत | रा.प.तृतीय | विविध | | १ | |
| ८. | नायब सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सामान्य प्रशासन | ७ | |
| ९. | कम्प्यूटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | | १ | |
| १०. | माइक संचालक | रा.प.अनं.प्रथम | विविध | | २ | |
| ११. | इलेक्ट्रिसियन | रा.प.अनं.प्रथम | इन्जि. | इले. | १ | |
| १२. | सह-लेखापाल | रा.प.अनं.द्वितीय | प्रशासन | लेखा | १ | |
| १३. | मर्यादापालक प्र.नि. | | प्रहरी | | १ | |
| १४. | मर्यादापालक | | | | ६ | |
| १५. | हलुका सवारी चालक | श्रेणीविहीन | | | ३ | |
| १६. | कार्यालय सहयोगी | श्रेणीविहीन | | | ३ | |
| जम्मा | | | | | ३६ | |

## ७. आ.ब. २०७४/०७५ मा सचिवालयको नाममा स्वीकृत योजना तथा कार्यक्रमहरु र तीनको अवस्थाः

| क्र.सं. | कार्यक्रम बुंदा नं. | कार्यक्रमको नाम | भौतिक प्रगति | वित्तीय प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| - | - | - | - | - | योजना कार्यक्रम नरहेको |

## ८. आ.व. २०७४/०७५ को वार्षिक बजेट वक्तव्यमा समावेश सचिवालयसँग सम्बद्ध कार्यक्रम र तिनको अवस्थाः

| क्र.सं. | कार्यक्रम बुंदा नं. | कार्यक्रमको नाम | भौतिक प्रगति | वित्तीय प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| - | - | - | - | - | योजना कार्यक्रम नरहेको |

## ९. चालु र पूँजीगत खर्च शिर्षकको प्रगति विवरणः

(क) चालु खर्च

| क्र.सं. | ख.शि.नं. | खर्च शिर्षक | विनियेजित बजेट | खर्च रु | प्रगति प्रतिशत | कै. |
|---|---|---|---|---|---|---|
| १ | २११११ | पारिश्रमिक कर्मचारी | ४४८८००० | १९६५९०४ | ४३.८४ | |
| २ | २१११२ | पारिश्रमिक पदाधिकारी | ३६७२०००० | २७२५३५८४ | ७४.२२ | |
| ३ | २११२१ | पोषाक | ७५०००० | ३२०००० | ४२.६७ | |
| ४ | २११३२ | महंगि भत्ता | ३२०००० | ६२८६४ | १९.६५ | |
| ५ | २११३४ | कर्मचारी बैठक भत्ता | २०००००० | १८६०७५ | ९.३० | |
| ६ | २११३९ | अन्य भत्ता | २५३१६०० | २२८४२५० | ९०.२३ | |
| ७ | २११४१ | पदाधिकारी बैठक भत्ता | २५०००००० | २९०६२५० | ११.६३ | |
| ८ | २११४२ | पदाधिकारी अन्य सुविधा | २४९५५००० | १८६७२५०८ | ७४.८२ | |
| ९+ | २११४९ | पदाधिकारी अन्य भत्ता | २२२५००० | ० | ० | |
| १० | २२१११ | पानी बिजुली | ६९०००० | ३६२५१४ | ५२.५४ | |
| ११ | २२११२ | संचार महसुल | ६००००० | ३७७२९३ | ६२.८८ | |
| १२ | २२२११ | ईन्धन पदाधिकारी | १३८०००० | १३८०००० | १०० | |
| १३ | २२२१२ | इन्धन कार्यालय प्रयोजन | ५००००० | ४२४३७५ | ८४.८८ | |
| १४ | २२२१३ | सवारी साधन मर्मत | ५००००० | २७७६६५ | ५५.५३ | |
| १५ | २२२१४ | विमा तथा नविकरण खर्च | १००००० | ७५५९५ | ७५.६० | |
| १६ | २२२२१ | मेशिनरी औजार मर्मत | १००००० | १००००० | १०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७ | २२२३१ | सा.सम्पत्तिको म. संभार | २०००००० | १७८२१५० | ८९.११ | |
| १८ | २२३१३ | मसलन्द तथा का.स.खर्च | २२००००० | २२००००० | १०० | |
| १९ | २२३१४ | इ. अन्य प्रयोजन | २००००० | १६२२०९ | ८१.१० | |
| २० | २२३१५ | प.प.छपाइ तथा सूचना प्रकाशन | ५००००० | ३३९२९६ | ६७.८६ | |
| २१ | २२४१३ | करार सेवा शुल्क | १५००००० | ३१०३२३ | २०.७१ | |
| २२ | २२५११ | कर्मचारी तालिम खर्च | २००००० | २००००० | १०० | |
| २३ | २२५२२ | कार्यक्रम खर्च | १५००००० | १४८८७७३ | ९९.२५ | |
| २४ | २२६१२ | भ्रमण खर्च | ५००००० | ५००००० | १०० | |
| २५ | २२६१३ | वि.व्य.तथा प्र. भ्रमण खर्च | ५००००० | ० | ० | |
| २६ | २२७११ | विविध खर्च | २०००००० | १४८८५२७ | ७४.४३ | |
| | | **जम्मा** | **११३९५५६००** | **६५१२०४५५** | **५७.१४** | |

द्रष्टव्यः ब.उ.शि.नं. ७०३२१२०१३ सभामुख र उपसभामुखको पारिश्रमिक सुविधा र ब.उ.शि.नं. ७०३२१२११३ व्यवस्थापिका प्रशासनिक खर्च

**(ख) पूँजीगत**

| क्र.सं. | ख.शि.नं. | खर्च शिर्षक | विनियोजित बजेट | खर्च रु | प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ३१११२ | भवन निर्माण | ३०००००० | ४७६२६१ | १५.८७ | |
| २. | ३१११५ | फर्निचर तथा फिक्सचर | ३०००००० | २५६२०१३ | ८५.४० | |
| ३. | ३११२१ | सवारी साधन | ९०००००० | ६०३७७६२ | ६७.०८ | |
| ४. | ३११२२ | मेशिनरी तथा औजार | ५०००००० | २७८९१८६ | ५५.७८ | |
| ५. | ३११३२ | सफ्टवेयर तथा बौ.स.ख. | ५००००० | ४२३१९ | ८.४६ | |
| | | **जम्मा** | **२०५०००००** | **११९०७६११** | **५८.०८** | |

## १०. सचिवालयबाट हाल सम्म निर्माण गरिएका कानून एवं कार्यविधिको विवरणः

पेश भएको विधेयकः संख्या १३

### ३ नं. प्रदेश सभामा दर्ता भएका विधेयक

| विधेयक संख्या | विधेयक दर्ता मिति | विधेयकको नाम | प्रदेश सभाबाट पारित मिति | प्रदेश प्रमुख समक्ष प्रमाणिकरणको लागि पठाएको मिति | प्रदेश प्रमुखबाट प्रमाणिकरण मिति | कै. |
|---|---|---|---|---|---|---|
| १. | २०७४/१२/२ | प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा ब्यवस्थित गर्न बनेको ऐन, २०७४ | २०७४/१२/१६ | २०७४/१२/२१ | २०७४/१२/२१ | |
| २. | २०७४/१२/०२ | प्रदेश स्तरका केहि सार्वजानिक लिखत प्रमाणिकरण ऐन, २०७४ | २०७४/१२/१६ | २०७४/१२/२१ | २०७४/१२/२१ | |
| ३. | २०७४/१२/१८ | गाउँजिल्ला / नगर / सभा सञ्चालन(कार्यविधि) सम्बन्धी विधेयक, २०७४ | २०७५/०१/१४ | २०७५/०१/२० | २०७५/०१/२० | |
| ४. | २०७४/१२/२० | मुख्य मन्त्री तथा मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक, २०७४ | | | | |
| ५. | २०७४/१२/२० | प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक, २०७४ | | | | |
| ६. | २०७४/१२/२० | स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक, २०७४ | २०७५/०१/१४ | २०७५/०१/२० | २०७५/०१/२० | |
| ७. | २०७५/०१/१२ | प्रदेश विनियोजन विधेयक, २०७५ | २०७५/०१/१३ | २०७५/०१/१६ | २०७५/०१/१६ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८. | २०७५/०२/०२ | मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य अधिकार तथा सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | | | | |
| ९. | २०७५/०२/१४ | प्रदेश वित्तीय हस्तान्तरण व्यवस्थापन विधेयक, २०७५ | २०७५/०२/३१ | २०७५/०३/०५ | २०७५/०३/०५ | |
| १०. | २०७५/०२/१४ | प्रदेश आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक२०७५, | २०७५/०२/३१ | २०७५/०३/१० | २०७५/०३/२० | |
| ११. | २०७५/०२/२५ | कर तथा गैरकर राजस्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७५ | २०७५/०३/२१ | २०७५/०३/३१ | २०७५/०३/३२ | |
| १२. | २०७५/०३/०१ | प्रदेश आर्थिक विधेयक, २०७५ | २०७५/०३/२१ | २०७५/०३/३१ | २०७५/०३/३२ | |
| १३. | २०७५/०३/१९ | प्रदेश विनियोजन विधेयक,२०७५ | २०७५/०३/१९ | २०७५/०३/३१ | २०७५/०३/३२ | |

पारित विधेयकः संख्या १०

प्रदेश सभा नियमावलीः संख्या १

## ११. सचिवालयबाट आ.ब. २०७४/०७५ मा गरेका अन्य गतिविधि र तिनको उपलब्धी।

तालिम/गोष्ठिः २ पटक

(क) कर्मचारी पुनर्ताजगी तालिम

(ख) सार्वजनिक लेखा विषयक तालिम

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## १. पृष्ठभूमिः

नेपालको संवैधानिक इतिहासको शुरुवात वि.सं. २००४ सालको "नेपाल सरकार वैधानिक कानून" निर्माणसँगै भएको हो। सो विधान पश्चात् २००७ साल, २०१५ साल, २०१९ साल, २०४७ साल, २०६३ साल र २०७२ साल आश्विन ३ गते जारी भएको नेपालको संविधान समेत गरी नेपालमा सातवटा संविधान निर्माण भईसकेका छन्। हाल कार्यान्वयनमा रहेको नेपालको संविधान संवैधानिक इतिहासमा नै संविधान निर्माण कार्य सम्पन्न गर्नको लागि दोस्रोपटक निर्वाचित संविधानसभा बनाई राष्ट्रपतिद्वारा जारी भएको हो। यो संविधान जनताको सार्वभौम अधिकार प्रयोग गरी संविधानसभाबाट पारित भएकोले यसको महत्व विशेष रहेको छ।

नेपालको संविधानको प्रस्तावनामा नेपालको शासन व्यवस्था संघीय लोकतान्त्रिक गणतन्त्रात्मक हुने उल्लेख छ भने धारा ५६ मा नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहने व्यवस्था छ र राज्यशक्तिको बाँडफाँडको सन्दर्भमा संविधानको अनुसूचि ५ मा संघको, अनुसूची ६ मा प्रदेशको, अनुसूची ७ मा संघ र प्रदेशको, अनुसूची ८ मा स्थानीय तहको र अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची उल्लेख गरिएको छ। धारा ५८ मा यस संविधान बमोजिम संघ, प्रदेश तथा स्थानीय तहको अधिकारको सूची वा साझा सूचीमा उल्लेख नभएको वा यो संविधानमा कुनै तहले प्रयोग गर्ने गरी नतोकिएको विषयमा संघको अधिकार हुने गरी अवशिष्ट अधिकार (Residual Right) को प्रयोग गर्ने अधिकार भने संघलाई प्रदान गरिएको छ।

संविधानमा उल्लेख गरिएको प्रदेश अधिकारको सूची हेर्ने हो भने प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षादेखि गुठी व्यवस्थापनसम्म गरी २१ वटा बुँदामा प्रदेशका एकल अधिकारको सूची समेटिएको छ। संविधानको भाग १३ अन्तर्गत धारा १६२ देखि धारा १७४ सम्म प्रदेश कार्यपालिकासँग सम्बन्धित विषय समावेश छन्। प्रदेशको कार्यकारिणी अधिकार प्रदेश मन्त्रिपरिषद्मा निहित रहने संवैधानिक व्यवस्था अनुरुप मिती २०७४।०८।१० तदनुसार नोभेम्बर २६, २०१७ र २०७४ मङ्सिर २१ गते तदनुसार डिसेम्बर ७, २०१७ मा गरी दुई चरणमा संघीय संसद र प्रदेश संसदको निर्वाचन सम्पन्न भई केन्द्र र प्रदेश दुवै तहमा सरकार गठन भइसकेका छन्।


## २. कार्य जिम्मेवारी

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्य जिम्मेवारीहरु**

- प्रदेश मन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालय सम्बन्धी,
- प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन,
- प्रदेश सरकारको कार्यविभाजन तथा कार्यसञ्चालन,
- प्रदेश सरकारको नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
- प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन,
- प्रदेश मन्त्रालयहरुको कार्यको समन्वय, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र नियन्त्रण,
- प्रदेश मन्त्रिपरिषद्का निर्यको कार्यान्वयन र अनुगमन,
- प्रदेश मन्त्रिपरिषद्मा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण,
- प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एंव प्रशासनिक गतिविधिहरुको अद्यावधिक जानकारी र सम्बोधन,
- मानव अधिकारको संरक्षण र प्रवर्द्धन,
- सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार,
- संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य संघीय तथा प्रादेशिक आयोगसंगको सम्पर्क र समन्वय,
- संघीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन
- प्रदेश प्रमुखको सम्पर्क सम्बन्धी विषय (प्रतिवेदन समेत),
- अन्तरप्रदेश परिषद् र संघ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्बन्ध,
- प्रदेशस्तरका आयोग तथा निकायहरुको गठन एवम् सञ्चालन र पदाधिकारीहरुको नियुक्ति एवम् सेवा, सुविधा सम्बन्धी नीति तथा कानूनको तर्जुमा र कार्यान्वयन,
- निर्वाचन कार्यमा सहयोग र समन्वय,
- प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन,
- प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा एवम् कार्यान्वयन र अभिलेख व्यवस्थापन,
- प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्भेक्षण र व्यवस्थापन परीक्षण,
- प्रदेशस्तरीय तालिम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेसस्तरका तालिम केन्द्रसँगको सम्पर्क एवं समन्वय,
- प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि तथा सेवा प्रवाहको अनुगमन,
- गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्था सम्बन्धी कानून तर्जुमा।

# ३. संगठन संरचना र स्वीकृत दरबन्दीः

## ३.१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सांगठनिक संरचना



## ३.२ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको दरबन्दी तेरिज

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह | जम्मा दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | प्रमुख सचिव | रा.प.विशिष्ट | प्रशासन | | १ | |
| २. | सचिव | रा.प.प्रथम | प्रशासन | | २ | |
| ३. | सचिव | रा.प.प्रथम | न्याय | कानून | १ | |
| ४. | उपसचिव | रा.प.द्वितीय | प्रशासन | सामान्य प्रशासन | ७ | |
| ५. | उपसचिव | रा.प.द्वितीय | न्याय | कानून | १ | |
| ६. | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सामान्य प्रशासन | ८ | |
| ७. | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | १ | |
| ८. | कम्प्युटर अधिकृत | रा.प.तृतीय | विविध | | १ | |
| ९. | नायब सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सामान्य प्रशासन | १२ | |
| १०. | कम्प्यूटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | | ४ | |
| ११. | सह-लेखापाल | रा.प.अनं.द्वितीय | प्रशासन | लेखा | १ | |
| १२. | हलुका सवारी चालक | श्रेणीविहीन | | | ६ | |
| १३. | कार्यालय सहयोगी | श्रेणीविहीन | | | ७ | |
| जम्मा | | | | | ५२ | |

### ४. आ.व. २०७४/०७५ मा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नाममा स्वीकृत योजना तथा कार्यक्रमहरु र तिनको अवस्थाः

| क्र.सं. | कार्यक्रम बुदा नं. | कार्यक्रमको नाम | भौतिक प्रगति | वित्तीय प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| १. | | प्रदेश सरकारबाट जारी गर्नुपर्ने ऐन कानून निर्माण गर्ने। | | | धेरै ऐन कानून तर्जुमा गर्नुपर्ने जुन उपलब्ध समयमा असंभव तर संभव भएजति कानून मस्यौदा/तर्जुमा भएकोले प्रगति प्रतिशत खुलाउन कठिन। |
| २. | | भ्रष्टाचार निवारण सम्बन्धी रणनीति तर्जुमा गर्ने। | ७० | | रणनीतिको आधारको रुपमा अवधारणापत्र तयार गरिएको र रणनीतिको मस्यौदा गरिएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | | छलफल अन्तरक्रिया गरी प्रदेश सरकारको दीर्घकालिन रणनीति तथा कार्यक्रम तर्जुमा र प्रकाशन। | १०० | | प्रदेश समन्वय परिषद्को बैठकमा बृहत अन्तरक्रिया गरी प्रतिवेदन समेत तयार गरी कार्यालयको आधिकारिक वेबसाईटमा प्रकाशन गरिएको। |
| ४. | | विकास अवधारणा एवं व्यवस्थापनका लागि बृहत् छलफल, गोष्ठि, परामर्श एवं प्रतिवेदन। | १०० | | |
| ५. | | कर्मचारी तालिम/प्रशिक्षण | १०० | | राजपत्रांकित, राजपत्र अनंकित र श्रेणीविहीन तहका कर्मचारीहरुलाई तालिम प्रदान गरिएको। |

## ५. आ.व. २०७४/०७५ को वार्षिक बजेट वक्तव्यमा समावेश कार्यालयसँग सम्बद्ध कार्यक्रम र तिनको अवस्थाः

| क्र.सं. | बजेट वक्तव्यको बुंदा नं. | कार्यक्रमको नाम | भौतिक प्रगति | वित्तीय प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| - | - | - | - | - | - |

## ६. चालु र पूँजीगत खर्च शीर्षकको प्रगति विवरण

| क्र.सं. | खर्च संकेत | खर्च शिर्षकको नाम | विनियोजित बजेट | खर्च | प्रगति प्रतिशत | कै |
|---|---|---|---|---|---|---|
| १. | २११११ | पारिश्रमिक कर्मचारी | ३६०००००.०० | २२७३२२५.९० | ६३.१५ | |
| २. | २१११२ | पारिश्रमिक पदाधिकारी | ५२०००००.०० | ५०५३६८२.०० | ९७.१९ | |
| ३. | २११२१ | पोशाक | १६००००.०० | ७५०००.०० | ४६.८८ | |
| ४. | २११३२ | महंगी भत्ता | १०००००.०० | ६४५१७.०० | ६४.५२ | |
| ५. | २११३९ | अन्य भत्ता | २०००००.०० | २०००००.०० | १००.०० | |
| ६. | २२१११ | धारा तथा बिजुली | ५०००००.०० | १९३५१४.४१ | ३८.७० | |
| ७. | २२११२ | संचार महशुल | ५०००००.०० | ४८३३२०.०० | ९६.६६ | |
| ८. | २२२११ | इन्धन (पदाधिकारी) | ७५००००.०० | ३९६२३८.१५ | ५२.८३ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९. | २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ५०००००.०० | २५४०८८.५० | ५०.८२ | |
| १०. | २२२१३ | सवारी साधन मर्मत | २००००००.०० | १५६२२३७.०० | ७८.११ | |
| ११. | २२२१४ | बीमा तथा नविकरण खर्च | १०००००.०० | १०००००.०० | १००.०० | |
| १२. | २२२३१ | निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार खर्च | १००००००.०० | ६४१०५९.०० | ६४.११ | |
| १३. | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | २५०००००.०० | २१९९५२१.०० | ८७.९८ | |
| १४. | २२३१४ | इन्धन-अन्य प्रयोजन | १०००००.०० | १३५५०.०० | १३.५५ | |
| १५. | २२३१५ | पत्रपत्रिका छपाइ तथा सुचना प्रकाशन खर्च | ५०००००.०० | १५३७५७.०० | ३०.७५ | |
| १६. | २२४१३ | करार सेवा शुल्क | १४०००००.०० | ४५८८६१.०० | ३२.७८ | |
| १७. | २२५११ | कर्मचारी तालिम | २०००००.०० | ०.०० | ०.०० | |
| १८. | २२५२२ | कार्यक्रम खर्च | २८०००००.०० | १९७६९०२.०० | ७०.६० | |
| १९. | २२६११ | अनुगमन तथा मूल्यांकन खर्च | ३००००००.०० | १९७८२७९.०० | ६५.९४ | |
| २०. | २२६१२ | भ्रमण खर्च | ५०००००.०० | ३३२३०.०० | ६.६५ | |
| २१. | २२६१३ | विशिष्ट व्यक्तिको भ्रमण खर्च | ५०००००.०० | ०.०० | ०.०० | |
| २२. | २२७११ | विविध खर्च | १००००००.०० | ५३२६६१.०० | ५३.२७ | |
| | | **चालु खर्च जम्मा** | **२७११००००.००** | **१८६४३६४२.९६** | **६८.७७** | |
| २३. | ३१११५ | फर्निचर तथा फिक्स्चर्स | २५०००००.०० | २४६३३०१.०० | ९८.५३ | |
| २४. | ३११२१ | सवारी साधन | १३००००००.०० | १२९३०१३९.०० | ९९.४६ | |
| २५. | ३११२२ | मेशिनरी औजार | ३००००००.०० | २९६७९५७.०० | ९८.९३ | |
| २६. | ३११३२ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च एवं अन्य बौद्धिक सम्पतिको प्राप्ति | ५०००००.०० | ४२३१९.०० | ८.४६ | |
| | | **पूँजीगत खर्च जम्मा** | **१९००००००.००** | **१८४०३७१६.००** | **९६.८६** | |
| | | **चालु र पूँजीगत जम्मा** | **४६११००००.००** | **३७०४७३५८.९६** | **८०.३५** | |

## ७. मन्त्रालय/सचिवालय/कार्यालयबाट हालसम्म निर्माण गरिएका कानून एवं कार्यविधिको विवरण

**प्रदेशस्तरमा कानून सम्बन्धी हालसम्मको समग्र विवरण**

**प्रदेश सभावाट पारित भएका विधेयक**

१. प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७४ (प्रमाणीकरण)

२. प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक,२०७४ (प्रमाणीकरण)

३. स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ (प्रमाणीकरण)

४. गाउँ।नगर।जिल्लासभा सञ्चालन (कार्यवधि) सम्बन्धी विधेयक, २०७५ (प्रमाणीकरण)

५. प्रदेश विनियोजन विधेयक, २०७५ (प्रमाणीकरण)

६. प्रदेश आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ (प्रमाणीकरण)

७. प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ (प्रमाणीकरण)

८. प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७५ (प्रमाणीकरण)

९. कर तथा गैरकर राजस्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेकोविधेयक, २०७५ (प्रमाणीकरण)

१०. प्रदेश वित्तीय हस्तान्तरण विधेयक, २०७५ (प्रमाणीकरण)

११. मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा अन्य सुविधा सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ (पारित)

१२. प्रदेश सभाका सभामुख, उपसभामुख तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी विधेयक (२०७५) (पारित)

१३. मुख्य न्यायधिवक्ताको काम कर्तव्य र अधिकार तथा सेवाको शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ (पारित)

१४. प्रशासनिक कार्यविधि (नियमित गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक, २०७५ पारित

## प्रदेश सभामा दर्ता भएका विधेयक

१. प्रादेशिक दुग्ध विकास वोर्ड स्थापना गर्ने सम्बन्धी बनेको विधेयक
२. प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
३. संस्था दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
४. विपद व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
५. प्रादेशिक स्वास्थ्य सेवासम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

## मन्त्रालयबाट सैद्धान्तिक सहमति तथा मन्त्रिपरिषद्बाट सैद्धान्तिक स्वीकृति भएका विधेयक

१. प्रदेश राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न वनेको विधेयक
२. प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धी विधेयक
३. प्रादेशिक ब्यापार तथा व्यवसाय सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक
४. विद्युतीय सञ्चार माध्यम (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
५. छापा सञ्चार माध्यम (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
६. सूचनाको हक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
७. जग्गा प्राप्ति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
८. बालबालिकाको हक अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
९. प्रदेश सवारी तथा यातायात सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
१०. प्रदेश सार्वजनिक सडक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
११. सामाजिक सुरक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (सैद्धान्तिक सहमति)
१२. प्रदेशिक सहकारी सम्बन्धी विधेयक (सैद्धान्तिक सहमति)

## हालसम्मका प्रकाशित राजपत्रहरु

| क्र.सं. | राजपत्रको नाम | प्रमाणिकरण मिति |
|---|---|---|
| १. | प्रदेश सरकार, प्रदेश नं. ३ (कार्य विभाजन) नियमावली,२०७४ | २०७४/११/१६ |
| २. | प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक(२०७४) | |
| ३. | प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ | २०७४/१२/२१ |
| ४. | ३ नं. प्रदेश सरकार राजपत्रको नमुना ढाँचा | २०७५/०१/१२ |
| ५. | प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, (विनियोजन ऐन,२०७५) | २०७५/०१/१६ |

| | | |
|---|---|---|
| ६. | स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ | २०७५/०१/२० |
| ७. | गाउँ/नगर/जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५ | २०७५/०१/२० |
| ८. | प्रदेश सभाका सभामुख, उपसभामुख तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी आदेश, २०७५ | २०७५/०२/०२ |
| ९. | मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा अन्य सुविधा सम्बन्धी आदेश, २०७५ | २०७५/०२/०२ |
| १०. | प्रदेश वित्तीय हस्तान्तरण ऐन, २०७५ | २०७५/०३/०५ |
| ११. | प्रदेश आकस्मिक कोष ऐन, २०७५ | २०७५/०३/२० |
| १२. | प्रदेश आर्थिक ऐन, २०७५ | २०७५/०३/३२ |
| १३. | प्रदेश विनियोजन ऐन, २०७५ | २०७५/०३/३२ |
| १४. | कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ | २०७५/०३/३२ |

## ८. आ.व. २०७४/०७५ मा गरेका अन्य गतिविधि र तिनको उपलब्धिः

# आन्तरिक मामिला तथा कानुन मन्त्रालय

## १. पृष्ठभूमिः

संविधान जारी भएपछि राज्य संचालन संघ, प्रदेश र स्थानीय तहबाट हुनेगरी राज्यशक्तिको बाँडफाँट भएको छ। राज्यको पुनर्संरचना पश्चात् देशमा हाल ७५३ स्थानीय तह, ७ प्रदेश र संघ रहेको छ। देशमा स्थानीय तह र संघ तथा प्रदेशको निर्वाचन सम्पन्न भएपछि नेपाल सरकारको मिति २०७४।१०।१० को निर्णयानुसार यस प्रदेश नं. ३ मा सातवटा मन्त्रालयहरु स्थापना भई कार्य सञ्चालन गर्ने मध्ये यो मन्त्रालय पनि एक हो। यस मन्त्रालयको कार्य क्षेत्र खास गरेर शान्ति सुरक्षा, सूचना तथा संचार र प्रदेश स्तरका कानूनहरुको तर्जुमा गर्ने रहेको छ।

## २. सोचः

नागरिक स्वन्त्रताको उच्च सम्मान गर्दै सुरक्षित, शान्त एवं प्रविधिमैत्री प्रदेश

## ३. उद्देश्यः

- शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जिउ, धन र स्वतन्त्रताको संरक्षण गर्ने।
- नेपालको संविधानद्वारा प्रत्याभूत नागरिक स्वतन्त्रता, विधिको शासन, मानव अधिकार लगायत लोकतान्त्रिक मूल्य र मान्यताको संरक्षण एवं सम्बर्धन गर्ने।
- पारदर्शिता तथा सुशासनको लागि सूचना प्रबिधिमैत्री शासन ब्यवस्था संचालन गर्ने।
- प्रदेश सरकारको लागि आवश्यक पर्ने कानूनहरुको निर्माण गरी लोकतन्त्रको संरक्षण गर्ने।

## ४. लक्ष्यः

जनताको चाहना र आवश्यकता अनुरूप प्रदेशमा भरपर्दो शान्ति सुरक्षा एवं सुव्यवस्था कायम गरी विधिको शासन एवं प्रविधीमैत्री वातावरण सिर्जना गरी शासकीय प्रवन्ध मिलाउनु यस मन्त्रालयको लक्ष्य रहेको छ।


## ५. कार्य जिम्मेवारीः

- आन्तरिक मामिला तथा कानून मन्त्रालयको कार्य जिम्मेवारी प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७४/११/१६ मा स्वीकृत गरेको प्रदेश सरकार (कार्य विभाजन नियमावली ) २०७४ ले तोकेको छ।
- प्रदेश शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघसँगको समन्वय र सहकार्य
- अतिविशिष्टव्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा
- संघीय र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क, सम्बन्ध, सूचना आदान प्रदान र समन्वय
- संघीय कानून बमोजिम प्रदेश प्रहरी संचालन, व्यवस्थापन र नियमन
- प्रदेश भित्रको अपराध अनुसन्धान, सूचना संकलन, रोकथाम, नियन्त्रण तथा समन्वय
- कानून, न्याय तथा प्रदेश सभा मामिला सम्बन्धी
- प्रदेशसभामा पेश हुने विधेयक तर्जुमा र प्रमाणीकरण सम्बन्धी
- अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना संकलन, विश्लेषण र उपयोग तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग
- आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रबर्द्धनमा सहयोग
- प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, थुनुवा तथा कैदीहरूको मानव अधिकारको संरक्षण र एकप्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण सम्बन्धी
- सामुदायिक प्रहरी
- प्रदेश भित्रको सडक सुरक्षा तथा ट्राफिक व्यवस्थापन र यातायात क्षेत्रको सिन्डिकेट तथा कार्टेलिङ्ग नियन्त्रण
- प्रदेश भित्र न्यायिक र अर्ध न्यायिक निकायले गरेका फैसला कार्यान्वयन
- प्रदेशभित्रका गैर सरकारी संघ, संस्थाहरुको अभिलेख र समन्वय
- गुनासो र विवाद ब्यवस्थापन
- संघीय मापदण्ड बमोजिम हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थको नियमन
- फौजदारी कार्यविधि कानूनको कार्यान्वयन
- अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति
- निवारक नजरबन्द र स्थानहद सम्बन्धी
- अन्तरप्रदेश सुरक्षा सम्बन्धी
- सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्ति सम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन तथा जग्गा विवाद समाधान

- स्थानीय प्रशासन संचालन, व्यवस्थापन र समन्वय
- पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी नीति, कानून र मापदण्डको कार्यान्वयन र नियमन
- विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना र संचालन, स्थानीय विपद् कोषमा सहयोग, विपद् तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान, विपद् जोखिम क्षेत्र नक्शांकन र बस्ती स्थानान्तरण सम्बन्धी प्रादेशिक नीति, कानून कार्यान्वयन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन
- उपाधि, सम्मान तथा विभूषणको सिफारिस
- प्रदेशस्तरमा सार्वजनिक बिदा, उत्सव, उर्दी आदिको व्यवस्थापन
- प्रदेशस्तरमा दिगो शान्ति व्यवस्थापन तथा द्वन्दबाट पीडित तथा विस्थापित व्यक्तिको पुनस्थापना सम्बन्धी
- सत्यनिरुपण तथा मेलमिलाप र वेपत्ता पारिएका व्यक्ति सम्बन्धी
- प्रदेशस्तरको विद्युतीय संचार माध्यम संचालन (रेडियो, एफ. एम. तथा टेलिभिजन समेत) सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमति, इजाजत र नवीकरण
- प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन
- प्रदेशस्तरमा सूचना प्रविधिको प्रवर्धन, सूचना प्रविधि पार्कको निर्माण, सञ्चालन र नियमन
- प्रदेशभित्र टेलिसेन्टर संचालन, व्यवस्थापन र नियमन
- प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित संचार माध्यमको दर्ता, अभिलेख, अनुमति, नविकरण, अनुगमन र नियमन
- साइवर सुरक्षा अनुगमन
- छापा संचार माध्यमको दर्ता, अनुमति, आचार संहिता निर्धारण र अनुगमन, अभिलेखाङ्कन, बर्गीकरण, सञ्चालन र नियमन
- प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण
- श्रमजीवि सञ्चारकर्मीहरुको न्यूनतम पारिश्रमिक अनुगमन
- प्रदेशस्तरीय प्रेस रजिष्ट्रार सम्बन्धी
- केबुल वितरणको इजाजत, नवीकरण र नियमन
- सूचनाको हक सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा र कार्यान्वयन
- चलचित्र निर्माण, हल संचालन तथा प्रदर्शन अनुमति र नियमन
- प्रदेश सरकारले गर्नु पर्ने तर कुनै मन्त्रालयलाई नतोकिएको कार्य

# ६. संगठन संरचना र स्वीकृत दरबन्दीः

## ६.१ आन्तरिक मामिला तथा कानून मन्त्रालयको सांगठनिक संरचना



## ६.२ आन्तरिक मामिला तथा कानून मन्त्रालयको स्वीकृत दरबन्दी

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह | दरबन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | प्रदेश सचिव | रा.प.प्रथम | प्रशासन | | १ | |
| २. | उप सचिव | रा.प.द्वितीय | प्रशासन | सामान्य प्रशासन | २ | |
| ३. | उप सचिव | रा.प.द्वितीय | न्याय | कानून | १ | |
| ४. | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सामान्य प्रशासन | ६ | |
| ५. | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | १ | |
| ६. | कानून अधिकृत | रा.प.तृतीय | न्याय | कानून | २ | |
| ७. | नायब सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सामान्य प्रशासन | ९ | |
| ८. | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | | ४ | |
| ९. | सह लेखापाल | रा.प.अनं.द्वितीय | प्रशासन | लेखा | १ | |
| १०. | खरिदार | रा.प.अनं.द्वितीय | प्रशासन | सामान्य प्रशासन | १ | |
| ११. | हलुका सवारी चालक | | | | ४ | |
| १२. | कार्यालय सहयोगी | | | | ६ | |
| **जम्मा** | | | | | **३८** | |

## ७. आ.व.२०७४/०७५ मा मन्त्रालयको नाममा स्वीकृत योजना तथा कार्यक्रमहरु र तिनको अवस्थाः

## स्वीकृत योजना तथा कार्यक्रमहरु

| कार्यक्रम बुदा नं. | कार्यक्रमको नाम | भौतिक प्रगति | वित्तीय प्रगति (रु.) | कैफियत |
|---|---|---|---|---|
| १. | प्रदेश सरकारबाट जारी गर्नुपर्ने सबै ऐन कानूनहरुको प्राथमिकताको आधारमा तयार गरी प्रदेश सभामा प्रस्तुत गर्ने व्यवस्था मिलाउने प्रयोजनका लागि। | प्राथमिकता निर्धारण गरी १० वटा कानून प्रदेश सभाबाट पारित भएको र ३ वटा प्रदेश सभामा दर्ता भएको | ४,७५,९००।- | |
| २. | मन्त्रालयगत प्रोफाईल निर्माण एवं प्रकाशन | मन्त्रालयको प्रारम्भिक प्रोफाईल तयार भएको | ०।- | |
| ३. | प्रदेश राजपत्र प्रकाशन | १० वटा ऐन राजपत्रमा प्रकाशन भएको | ०।- | २२३१५ खर्च शिर्षकबाट भुक्तानी भएको |
| ४. | क्षमता अभिवृद्धि सम्बन्धी कानून तर्जुमा तथा तालिमको व्यवस्था गर्ने | एक वटा तालिम संचालन भएको | ७७,३५४।- | |
| ५. | अनुभव आदान प्रदान र समसामायिक विषयक छलफल कार्यक्रम | सात वटै प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्रालयका माननीय मन्त्रीज्यूहरु बिच अन्तर प्रदेश अनुभव आदान प्रदान र समसामयिक विषयक छलफल कार्यक्रम हेटौंडामा सम्पन्न भएको। | २,००,२५१।- | |
| ६. | सडक सुरक्षा सचेतना सम्बन्धी कार्यक्रम प्रचार प्रसार एवं जागरण कार्यक्रम र प्रतिवेदन | सडक सुरक्षा सचेतना सम्बन्धी तीन वटा कार्यक्रम संचालन भएको। | ५२,०८५।- | |

## ८. आ.व.२०७४/०७५ को वार्षिक बजेट वक्तव्यमा समावेश मन्त्रालयसँग सम्बद्ध कार्यक्रम र तिनको अवस्थाः

### बजेट वक्तव्यमा समावेश मन्त्रालयसँग सम्बद्ध कार्यक्रमहरु

| क.सं. | बजेट वक्तव्यको बुंदा नं. | कार्यक्रमको नाम | भौतिक प्रगति | वित्तीय प्रगति (रु.) | कै. |
|---|---|---|---|---|---|
| १. | २३. प्रदेश सरकारले तयार गर्नु पर्ने नीति, कानून र मापदण्ड तर्जुमाका लागि तत् तत् मन्त्रालयहरुलाई आवश्यक स्रोतको अभाव हुन नदिने व्यवस्था गरेको छु। | प्रदेश सरकारबाट जारी गर्नुपर्ने सबै ऐन कानूनहरुको प्राथमिकताको आधारमा तयार गरी प्रदेश सभामा प्रस्तुत गर्ने व्यवस्था मिलाउने प्रयोजनका लागि। | प्राथमिकता निर्धारण गरी १० वटा कानून प्रदेश सभाबाट पारित भएको र ३ वटा प्रदेश सभामा दर्ता भएको | ४,७५,९००।- | |
| २. | २८. प्रदेश नं. ३ को मन्त्रालयगत सूचना, जानकारी एवं तथ्याङ्कहरु संकलन गरी प्रदेश स्तरका सूचनाहरुलाई एकीकृत गर्न बजेट विनियोजन गरेको छु। | मन्त्रालयगत प्रोफाईल निर्माण एवं प्रकाशन | मन्त्रालयसँग सम्बन्धित निकायहरुबाट सूचना, जानकारी एवं तथ्याङ्कहरु संकलन गर्ने कार्य भएको। | ० | |
| ३. | प्रदेश भित्र कुनै पनि वखत आई पर्ने विपदजन्य घटना एवं संकटमा न्यूनतम राहतको लागि प्रदेशस्तरीय विपद् व्यवस्थापन कोष, क्षमतावान युवाहरुको प्रतिभालाई प्रष्फुटन गर्न युवा वैज्ञानिक र अनाथ, असहाय बालबालिकालाई तत्काल राहत दिनका लागि प्रदेश बाल उद्धार कोष स्थापना गर्ने प्रबन्ध चालु आ.व. मै मिलाइनेछ। | - | - | - | बजेट वक्तव्यमा समावेश भएको तर बजेट विनियोजन नभएको |
| ४. | ४२. प्रदेश सरकारको समग्र कार्य प्रणालीलाई प्रविधि मैत्री बनाउन आवश्यक पर्ने नीति निर्माण गरी उपयुक्त कार्यक्रमहरु संचालनको प्रक्रिया शुरु गरिनेछ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च एवं अन्य वौद्धिक सम्पत्ति प्राप्ति खर्च | मन्त्रालयको वेबपेज निर्माण भई संचालनमा आएको। | ४२,३१९।- | |

## ९. चालु र पूँजीगत खर्च शीर्षकको प्रगति विवरणः

### (क) चालु खर्च शीर्षकको प्रगति विवरणः

| क्र.सं. | खर्च संकेत | खर्च शिर्षकको नाम | बजेट | खर्च | प्रतिशत प्रगति | कै. |
|---|---|---|---|---|---|---|
| १ | २११११ | पारिश्रमिक कर्मचारी | ५४००००० | १९३९४९० | ३५.९२ | |
| २ | २११२१ | पोशाक | २३३००० | ७५००० | ३२.१९ | |
| ३ | २११३२ | महंगी भत्ता | १५०००० | ६४००० | ४२.६७ | |
| ४ | २११३४ | कर्मचारी बैठक भत्ता | ३४०००० | २००८२५ | ५९.०७ | |
| ५ | २२१११ | धारा तथा बिजुली | २९५००० | ११५७१० | ३९.२२ | |
| ६ | २२११२ | संचार महशुल | ३००००० | १६९००८ | ५६.३४ | |
| ७ | २२२११ | इन्धन (पदाधिकारी) | ५०००० | ० | ०.०० | |
| ८ | २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ४००००० | २४१६६० | ६०.४२ | |
| ९ | २२२१३ | सवारी साधन मर्मत | ५००००० | ४८२७९१ | ९६.५६ | |
| १० | २२२३१ | निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार खर्च | २००००० | ४२७९५ | २१.४० | |
| ११ | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | २५००००० | १२६८९९४ | ५०.७६ | |
| १२ | २२३१४ | इन्धन-अन्य प्रयोजन | १००००० | ० | ०.०० | |
| १३ | २२३१५ | पत्रपत्रिका छपाइ तथा सुचना प्रकाशन खर्च | ५००००० | ४७७१९ | ९.५४ | |
| १४ | २२४१३ | करार सेवा शुल्क | ५००००० | २०२७२० | ४०.५४ | |
| १५ | २२५११ | कर्मचारी तालिम | २००००० | १२०२५० | ६०.१३ | |
| १६ | २२५२२ | कार्यक्रम खर्च | १६००००० | ८०५५९० | ५०.३५ | |
| १७ | २२६११ | अनूगमन तथा मूल्यांकन खर्च | ५००००० | ४३८०२० | ८७.६० | |
| १८ | २२६१२ | भ्रमण खर्च | ५००००० | २८६०९५ | ५७.२२ | |
| १९ | २२७११ | बिबिध खर्च | ५००००० | ४९५११८ | ९९.०२ | |
| २० | २५३१५ | अन्य संस्था सहायता | १०००००० | १०००००० | १००.०० | |
| २१ | २८१४९ | अन्य भाडा | १३०००० | १३०००० | १००.०० | |
| | | **चालु खर्च जम्मा** | **१५८९८०००** | **८१२५७८५** | **५१.११** | |

## (ख) पूँजीगत खर्च शीर्षकको प्रगति विवरण

| क्र.सं. | ख.शी.नं. | खर्च शीर्षक | विनियोजित बजेट | खर्च (रु) | प्रतिशत प्रगति | कै. |
|---|---|---|---|---|---|---|
| १ | ३१११५ | फर्निचर तथा फिक्चर्स | २०३९००० | २०००१७८ | ९८.१० | |
| २ | ३११२१ | सवारी साधन | १३०००००० | १२७३४०७२ | ९७.९५ | |
| ३ | ३११२२ | मेशिनरी औजार | ३०००००० | २५५२८९५ | ८५.१० | |
| ४ | ३११३२ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च एवं अन्य बौद्धिक सम्पतिको प्राप्ति | ३७०००० | ४२३१९ | ११.४४ | |
| | | **पुँजिगत खर्च जम्मा** | **१८४०९०००** | **१७३२९४६४** | **९४.१४** | |

## १०. मन्त्रालयबाट हालसम्म निर्माण गरिएका कानून एवं कार्यविधिको विवरणः

(क) प्रदेश सभावाट पारित भएका विधेयक (यस मन्त्रालयबाट तर्जुमा भएका कानून)

१. प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (२०७४) (प्रमाणीकरण)

(ख) प्रदेश सभामा दर्ता भएका विधेयक (यस मन्त्रालयबाट तर्जुमा भएका कानून)

१. प्रदेश सभाका सभामुख, उपसभामुख तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी विधेयक (आदेशद्वारा मन्त्रिपरिषद्बाट जारी)

(ग) हालसम्मका प्रकाशित राजपत्रहरु

### हालसम्मका प्रकाशित राजपत्रहरु

| क्र.सं | राजपत्रको नाम | प्रमाणिकरण मिति |
|---|---|---|
| १. | प्रदेश सरकार, प्रदेश नं. ३ (कार्य विभाजन) नियमावली,२०७४ | २०७४/११/१६ |
| २. | प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ | २०७४/१२/२१ |
| ३. | ३ नं. प्रदेश सरकार राजपत्रको नमुना ढाँचा | २०७५/०१/१२ |
| ४. | प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यबस्था गर्न बनेको ऐन, (विनियोजन ऐन,२०७५) | २०७५/०१/१६ |
| ५. | स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ | २०७५/०१/२० |

| | | |
|---|---|---|
| ६. | गाउँ/नगर/जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५ | २०७५/०१/२० |
| ७. | प्रदेश सभाका सभामुख, उपसभामुख तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी आदेश, २०७५ | २०७५/०२/०२ |
| ८. | मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा अन्य सुविधा सम्बन्धी आदेश, २०७५ | २०७५/०२/०२ |
| ९. | प्रदेश वित्तीय हस्तान्तरण ऐन, २०७५ | २०७५/०३/०५ |
| १०. | प्रदेश आकस्मिक कोष ऐन, २०७५ | २०७५/०३/२० |

## ११. मन्त्रालयबाट आ.व.२०७४/०७५ मा गरेका अन्य गतिविधि र तिनको उपलब्धीः

- १० वटा कानून प्रदेश सभाबाट पारित भएको, ३ वटा प्रदेश सभामा दर्ता भएको र १५ वटा विधेयकको मस्यौदा तर्जुमा गर्न सैद्धान्तिक सहमती प्रदान गरिएको।
- मन्त्रालयको वेबपृष्ट निर्माण भई संचालनमा आएको।
- सडक सुरक्षा र सचेतना सम्बन्धी कार्यक्रम ३ पटक विभिन्न जिल्लामा सम्पन्न भएको।
- सात वटै प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्रालयका माननीय मन्त्रीज्यूहरु बिच अन्तर प्रदेश अनुभव आदान प्रदान र समसामयिक विषयक छलफल कार्यक्रम हेटौंडामा सम्पन्न भएको।
- कार्यालयलाई आवश्यक सवारी साधन, मेशिनरी तथा औजार र फर्निचर लगायतका कार्यलय सामग्रीको खरीद गरिएको।
- मन्त्रालयको प्रारम्भिक प्रोफाइल निर्माण भएको।
- प्रदेश नं. ३ को सबै मन्त्रालयका कर्मचारीहरुलाई कानून तर्जुमा तथा क्षमता अभिवृद्धि सम्बन्धी १ दिने तालिम प्रदान गरिएको।
- गणतन्त्र र प्रजातन्त्र दिवस कार्यक्रम आयोजना गरिएको।

# आर्थिक मामिला तथा योजना मन्त्रालय

## १. पृष्ठभूमिः

नेपालको संविधानको भाग १३ मा प्रदेश कार्यपालिकाको व्यवस्था भएको र सोही संवैधानिक व्यवस्था बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं. ३ को मिति २०७४ साल माघ २८ गते गठन भई कार्यारम्भ गरेको छ। प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन, प्रदेशस्तरको आर्थिक श्रोतको बाँडफाँड, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन तथा प्रदेश राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन गर्ने दायित्व आर्थिक मामिला तथा योजना मन्त्रालयमा रहेको छ।

प्रदेशस्तरको आर्थिक स्थायित्व र मुल्य स्थिरता सम्बन्धी नीति तर्जुमा र नियमन प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन, प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन तथा प्रदेश स्तरीय अर्थ, योजना, बजेट, वित्तीय संस्थाहरु संचालन व्यवस्थापन सम्बन्धी कार्यको लागि यो मन्त्रालय स्थापना भएको हो।

## २. सोचः

सबल वित्त तथा आर्थिक क्षेत्र व्यवस्थापन मार्फत दिगो, फराकिलो तथा उच्चदरको आर्थिक वृद्धि हासिल गरी प्रदेशको आर्थिक सक्षमता अभिवृद्धि गर्ने।

## ३. उद्देश्यः

उपलब्ध स्रोत साधनको अधिकतम उपयोग मार्फत आर्थिक तथा सामाजिक विकासमा सघाउ पुर्‍याउने।

## ४. लक्ष्यः

राजश्वका स्रोतहरुको क्षेत्र पहिचान गरि आर्थिक उपलब्धिको न्यायोचित वितरणमार्फत गरिबी निवारण, रोजगारी सिर्जना गर्दै समृद्ध प्रदेश निर्माणमा योगदान पुर्‍याउने।


## ५. कार्य जिम्मेवारीः

आर्थिक मामिला तथा योजना मन्त्रालयको कार्य जिम्मेवारी प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७४/११/१६ मा स्वीकृत गरेको प्रदेश सरकार (कार्य विभाजन) नियमावली २०७४ ले तोके अनुसार निम्नानुसार रहेको छः

- प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन
- प्रादेशिक वित्त सन्तुलन सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन
- संघको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन
- प्रदेश स्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुलउपर
- प्रदेश स्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन
- राष्ट्रिय तथा अन्तर प्रदेश विकास आयोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग
- प्रदेश राजश्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अननुदान
- संघीय नीति अनुरुप सहवित्तीयकरण
- प्रदेश आर्थिक कार्यविधि सम्बन्धी नीति तथा कानूनको निर्माण, कार्यान्वयन र नियमन
- प्रदेश बियियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थकि अनुशासन
- प्रदेश संचित कोषको संचालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवं व्यवस्थापन
- प्रदेश पुरक अनुमान तथा पेश्की खर्च र प्रदेश आकस्मिक कोष व्यवस्था
- प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन
- प्रदेशगत विनियोजन, राजश्व, धरौटी, कार्य संचालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकिकृत विवरण र लेखा परीक्षण
- घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना संकलन, बाँडफाँट र उपयोग सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन
- संघीय कानून अनुसार प्रकृतिक श्रोतबाट प्राप्त रोयल्टी र शुल्क संकलन, नियमन र हस्तानान्तरण
- राजश्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
- संघसँगको अन्तरसरकारी बित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य
- तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रदेशिक नीति, कानून, मापदण्ड एवं योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा संघ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य
- बीमा र बीमा व्यवसायको संचालन, व्यवस्थापन, प्रबर्धन तथा विस्तार र नियमन
- प्रदेशस्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन सुधार र नियमन
- आर्थिक विकासमा निजी, सहकारी तथ गैरसरकारी क्षेत्रसँगको समन्वय र सहकार्य

# ६. संगठन संरचना र स्वीकृत दरबन्दीः

## ६.१ आर्थिक मामिला तथा योजना मन्त्रालयको संगठन संरचना



## ६.२ आर्थिक मामिला तथा योजना मन्त्रालयको दरबन्दी तेरीजः

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह | दरबन्दी संख्या | कै |
|---|---|---|---|---|---|---|
| १. | प्रदेश सचिव | रा.प.प्रथम | प्रशासन | | १ | |
| २. | उपसचिव | रा.प.द्वितीय | प्रशासन | राजश्व | २ | |
| ३. | उपसचिव | रा.प.द्वितीय | प्रशासन | सामान्य प्रशासन | २ | |
| ४. | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन | सामान्य प्रशासन | ६ | |
| ५. | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन | राजश्व | ६ | |
| ६. | लेखा अधिकृत | रा.प. तृतीय | प्रशासन | लेखा | १ | |
| ७. | कानून अधिकृत | रा.प. तृतीय | न्याय | कानून | १ | |
| ८. | अर्थशास्त्री | रा.प. तृतीय | बिबिध | | १ | |
| ९. | तथ्यांक अधिकृत | रा.प. तृतीय | योजना तथा तथ्यांक | तथ्यांक | १ | |
| १०. | कम्प्युटर इन्जिनियर | रा.प. तृतीय | बिबिध | | १ | |
| ११. | कम्प्युटर अधिकृत | रा.प. तृतीय | बिबिध | | १ | |
| १२. | नायब सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सामान्य प्रशासन | ५ | |
| १३. | नायब सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | राजश्व | ६ | |
| १४. | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | बिबिध | | ३ | |
| १५. | सह लेखापाल | रा.प.अनं.द्वितीय | प्रशासन | लेखा | १ | |
| १६. | हलुका सवारी चालक | श्रेणी बिहिन | | | ४ | |
| १७. | कार्यालय सहयोगी | श्रेणी बिहिन | | | ५ | |
| जम्मा | | | | | ४७ | |

## ७. आ.व. २०७४/७५ का लागि स्वीकृत योजना तथा कार्यक्रमहरु र तिनको अवस्थाः

| क्र.सं. | कार्यक्रम बुंदा नं. | कार्यक्रमको नाम | भौतिक प्रगति | वित्तीय प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| १ | १ | मन्त्रालयको कार्य सम्बद्ध कानूनहरुको निर्माण | १०० | ६५ | |
| २ | २ | प्रदेश गौरवका आयोजना अध्ययन र पहिचान परियोजना पुस्तिका निर्माण | ८० | ० | |
| ३ | ३ | मन्त्रालयको प्रोफाइल निर्माण एवं प्रकाशन | ५० | ० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | ४ | प्रादेशिक आवधिक योजना तर्जुमा र प्रकाशन | १०० | ० | |
| ५ | ५ | प्रदेश लेखा नियन्त्रक कार्यालयको गठन सम्बन्धी कार्यक्रम | १०० | १०० | |
| ६ | ६ | अनुगमन तथा मूल्याङ्कन निर्देशिका निर्माण एवं प्रकाशन | ५० | ० | |
| ७ | ७ | प्रादेशिक राजश्व निति र राजश्व प्रशासन संचालन सम्बन्धी अध्ययन र प्रतिवेदन | ५० | २२ | |
| ८ | ८ | सवारी साधन खरीद र सार्वजनिक खर्च सम्बन्धी कार्यविधि र मापदण्ड निर्माण एवं प्रकाशन | १०० | ० | |
| ९ | ९ | प्रदेशको समग्र उत्पादन र सेवा क्षेत्रमा सार्वजनिक निजी साझेदारी र सार्वजनिक निजी सहकारीको अवधारणालाई संबोधन गर्न प्रभावकारी कार्यविधि निर्माण | ५० | ० | |
| १० | १० | बजेट तर्जुमा सम्बन्धी कार्य तथा मध्यकालिन खर्च संरचना निर्माण सम्बन्धी कार्य गर्न अन्तरक्रिया, गोष्ठी, छलफल, परामर्श, अध्ययन, अनुसन्धान तथा प्रकाशन | १०० | ८४ | |
| ११ | ११ | राजश्व परामर्श समिति, बजेट समिति तथा स्रोत अनुमान समितिको बैठक तथा प्रतिवेदन | १०० | १०० | |
| १२ | १२ | प्रदेश नीति तथा योजना आयोग व्यवस्थापन कार्यक्रम | १०० | १०० | |
| १३ | १३ | मन्त्रालयको नेतृत्वमा प्रदेशभित्रका सबै जिल्लाहरुको जिल्लागत अन्तरक्रिया, प्रस्तुति एवं तथ्यांक संकलन कार्यक्रम, छलफल एवं तथ्यांक संकलन कार्यक्रम | १०० | ७८.०० | |
| | | **जम्मा** | **८३.०८** | **४२.२०** | |

## ८. आ.व. २०७४/७५ को वार्षिक बजेट वक्तव्यमा समावेश मन्त्रालयसँग सम्बद्ध कार्यक्रम र तिनको अवस्थाः

| क्र.सं. | बजेट बक्तब्यको बुदा नं. | कार्यक्रमको नाम | भौतिक प्रगति | वित्तीय प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| १ | १ | राजश्व परामर्श समिती, बजेट समिती, स्रोत अनुमान समिती र उपसमितीहरु गठन र प्रतिवेदन प्राप्ती | १०० | १०० | |
| २ | २ | प्रदेश गौरवका आयोजना अध्ययन र पहिचान परियोजना पुस्तिका निर्माण | ८० | ० | |
| ३ | ३ | नीति तथा योजना आयोगको कार्यालय व्यवस्थापन | १०० | १०० | |
| ४ | ४ | प्रदेश लेखा नियन्त्रक कार्यालय स्थापना र व्यवस्थापन | १०० | १०० | |
| ५ | ५ | अनुगमन मूल्याङ्कन निर्देशिकाको मस्यौदा तयार | ५० | ० | |
| ६ | ६ | प्रदेश सार्वजनिक निजी साझेदारी नीतिको मस्यौदा तयार | १०० | ० | |
| ७ | ७ | मन्त्रालयको कार्य सम्बद्ध कानूनहरुको निर्माण | १०० | १०० | |
| ८ | ८ | सवारी खरीद सम्बन्धी मापदण्ड | १०० | ० | |
| ९ | ९ | बजेट तर्जुमा सम्बन्धी कार्य तथा मध्यकालीन खर्च संरचना सम्बन्धी कार्य | १०० | ५० | |
| १० | १० | अर्थ मन्त्रालयको नेतृत्वमा जिल्लागत अन्तरक्रिया कार्यक्रम | १०० | ७८ | |
| | | **जम्मा** | **९३.००** | **५२.८०** | |

## ९. चालु र पूँजीगत खर्च शिर्षकको प्रतगि विवरणः

| खर्च शिर्षक नं. | खर्च शिर्षक | विनियोजित बजेट | खर्च | प्रतिशत प्रगति | कै. |
|---|---|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | ३४००००.०० | १२५६७५३.७० | ३६.९६ | |
| २११२१ | पोशाक | २०००००.०० | ५२५०० | २६.२५ | |
| २११३२ | महंगी भत्ता | १०००००.०० | ३८००० | ३८.०० | |
| २११३९ | अन्य भत्ता | १५०००००.०० | ८९२३०० | ५९.४९ | |
| २२१११ | धारा तथा बिजुली | २०००००.०० | १९०९६९ | ९५.४८ | |
| २२११२ | संचार महशुल | ३०००००.०० | २२५१३५ | ७५.०५ | |
| २२२११ | इन्धन (पदाधिकारी) | ५००००.०० | २०००० | ४०.०० | |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ४०००००.०० | ३९७३३९ | ९९.३३ | |
| २२२१३ | सवारी साधन मर्मत | ५०००००.०० | ३६९८३५ | ७३.९७ | |
| २२२१४ | बीमा तथा नबिकरण खर्च | १०००००.०० | ९७४३६ | ९७.४४ | |
| २२२२१ | मेशिनरी औजार मर्मत सम्भार तथा संचालन खर्च | १०००००.०० | ९९४४० | ९९.४४ | |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | २०००००.०० | १९८८५१ | ९९.४३ | |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | २५०००००.०० | २०७५१७६ | ८३.०१ | |
| २२३१४ | इन्धन-अन्य प्रयोजन | १०००००.०० | २०३०० | २०.३० | |
| २२३१५ | पत्रपत्रिका छपाइ तथा सुचना प्रकाशन खर्च | ५०००००.०० | ४७१५८६ | ९४.३२ | |
| २२४११ | सेवा र परामर्श खर्च | २०००००.०० | ९०००० | ४५.०० | |
| २२४१३ | करार सेवा शुल्क | ८०००००.०० | ५५३७०९ | ६९.२१ | |
| २२५११ | कर्मचारी तालिम | २०००००.०० | ७७२०० | ३८.६० | |
| २२५२२ | कार्यक्रम खर्च | ९७०००००.०० | ४४८१८६७ | ४६.२० | |
| २२६११ | अनूगमन तथा मूल्याङ्कन खर्च | ५०००००.०० | ४९१०६० | ९८.२१ | |

| | | | | | |
|---|---|---|---|---|---|
| २२६१२ | भ्रमण खर्च | ५०००००.०० | १०३९५० | २०.७९ | |
| २२६१३ | विशिष्ट व्यक्तीको भ्रमण खर्च | ३०००००.०० | ० | ०.०० | |
| २२७११ | विविध खर्च | १००००००.०० | ६५१७९६ | ६५.१८ | |
| | **चालु खर्च जम्मा** | **२३३५००००.००** | **१२८५५२०२.७** | **५५.०५** | |
| ३१११३ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | १००००००.०० | ६५३३५४ | ६५.३४ | |
| ३१११५ | फर्निचर तथा फिक्चर्स | २४५००००.०० | २३७३९२५ | ९६.८९ | |
| ३११२१ | सवारी साधन | ८००००००.०० | ६८२८६५० | ८५.३६ | |
| ३११२२ | मेशिनरी औजार | ४५०००००.०० | ४१५८१११ | ९२.४० | |
| ३११३२ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च एवं अन्य वौद्धिक सम्पतिको प्राप्ति | ५०००००.०० | ६३६१९ | १२.७२ | |
| | **पूँजीगत खर्च जम्मा** | **१६४५००००.००** | **१४०७७६५९** | **८५.५८** | |
| | **कुल जम्मा** | **३९८०००००.००** | **२६९३२८६१.७** | **६७.६७** | |

## १०. मन्त्रालयबाट हालसम्म निर्माण गरिएका कानून एवं कार्यविधिको विवरणः

- प्रदेश आर्थिक कार्यविधि ऐन
- आन्तरिक पर्यटन प्रर्वद्धन कार्यविधि
- सवारी खरीद सम्बन्धी मापदण्ड
- आकस्मिक कोष सम्बन्धी कानून
- सञ्चित कोष सम्बन्धी कानून
- प्रदेश वित्तीय व्यवस्थापन ऐन

## ११. मन्त्रालयबाट आ.व. २०७४/०७५ मा गरेका अन्य गतिविधि र तिनको उपलब्धीः

- कर तथा गैरकर सम्बन्धी कानून संसदमा पेश
- आर्थिक मामिला तथा योजना मन्त्रालयको स्थापना
- आ.व. २०७४/०७५ को बजेट तयार तथा संसदमा पेश
- आ.व. २०७५/०७६ को बजेट तथा कार्यक्रम तयार तथा संसदमा पेश
- आवश्यक सवारी साधन खरीद

# भौतिक पूर्वाधार विकास मन्त्रालय

## १. पृष्ठभूमिः

२०७२ को नेपालको संविधान लागू भए पश्चात् देशमा संघ, प्रदेश तथा स्थानीय गरी तीन तहको सरकार रहेको छ। स्वीकृत कार्य विभाजन नियमावली अनुसार विभिन्न क्षेत्रहरुमा तीनवटै तहका सरकारहरुले गर्ने कार्य छुट्याइएको छ। सोही नियमावली बमोजिम यस प्रदेश नं ३ का तेह्र जिल्लाहरुमा विभिन्न भौतिक संरचनाहरको योजना तर्जुमा, स्वीकृति सहित आवश्यक विभिन्न अध्ययन अनुसन्धानका कार्यहरु गर्न यस मन्त्रालयको स्थापना भएको छ। यसका अतिरिक्त योजना निर्माण, संचालन तथा मर्मत संभार लगायतका कार्यहरु यस मन्त्रालय मातहतका कार्यालयहरु बाट हुने परिकल्पना गरिएको छ।

## २. सोचः

विभिन्न भौतिक संरचनाहरुको विकास मार्फत प्रदेशको दिगो विकास, समृद्धि, आर्थिक सामाजिक रुपान्तरण तथा स्वच्छ वातावरण कायम गर्ने।

## ३. लक्ष्यः

पूर्वाधारहरुको निर्माण गरी सबै नागरिकलाई सर्व सुलभ खानेपानी सेवाको पहुँच सुविधायुक्त, व्यवस्थित र पहिचानयुक्त बस्ती विकास गर्ने, विद्युतमा आत्मनिर्भरता, कृषि उत्पादकत्व तथा उत्पादनमा वृद्धि तथा सडक सञ्चालनको विस्तार गर्ने।

## ४. उद्देश्यः

- प्रभावकारी, दिगो, भरपर्दो, सुरक्षित, वातावरण मैत्री र कम खर्चिलो यातायात सेवा मार्फत आर्थिक क्रियाकलाप विस्तार र सेवाप्रवाहको प्रभावकारिता बढाउनुको साथै संघ र प्रदेश, प्रदेश र प्रदेश बिच तथा प्रदेश र स्थानीय तह विच सम्बन्ध विस्तार गर्नु प्रमुख उद्देश्य हो।
- सिञ्चित क्षेत्र वृद्धि गर्नुका साथै जलस्रोतको बहुउद्देश्यीय, अन्तरजलाधार र जलाशययुक्त आयोजना र भूमिगत सिंचाई आयोजनाहरु लाई अघि बढाउने।
- विकसित सिंचाई प्रणालीमा व्यवस्थापन सुदृढीकरण गरी दिगोपना बढाउनु।
- सिंचाईको आवश्यकता भएको स्थान र समयमा निर्वाध रुपमा पानीको उपलब्धता बढाउनु।
- जलविधुत् सेवाको विस्तार गरी सबै घरपरिवार र क्षेत्रको सहज पहुँच सुनिश्चित गर्नु।
- व्यवस्थित बस्ती विकास गरी सबैका लागि सुलभ, सुरक्षित र वातावरणमैत्री आवासको प्रवर्द्धन गर्नु।

- आधारभूत सुविधायुक्त, व्यवस्थित, सुरक्षित एवम् पहिचानयुक्त सहरको विकास गर्नु।
- आर्थिक अवसरहरुको सृजना तथा रोजगारी अभिवृद्धि गरी सहरी क्षेत्रको विकास गर्नु।
- प्रदेशका सबै नागरिकहरुलाई आधारभूत स्तरको खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउनु।
- मध्यम तथा उच्च स्तरको खानेपानी तथा सरसफाई सेवा विस्तार गर्नु।
- मानव बसोबासका प्रमुख क्षेत्रहरुमा सरसफाई प्रवर्द्धन गर्नु।


## ५. कार्य जिम्मेवारी

- प्रदेशस्तरको उर्जा, विद्युत, सिंचाई, खानेपानी, जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान, नीति, कानुन, मापदण्ड, गुरुयोजना, योजना तथा आयोजना निर्माण, कार्यान्वयन, सञ्चालन, मर्मत संभार, समन्वय र नियमन
- प्रदेशस्तरमा उर्जा, विद्युत, सिंचाई तथा खानेपानी सम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन
- उर्जा, विद्युत, सिंचाई सेवा बिस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन
- राष्ट्रिय जलस्रोत नीति र संघीय योजना बमोजिम प्रदेश सीमा नदीका जलउपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, संचालन, सम्भार र व्यवस्थापन
- प्रदेशभित्रको जलश्रोत उपयोग तथा नदी संरक्षण सम्बन्धी योजना तथा गुरु योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन
- प्रदेशभित्रको जलस्रोत उपयोग हुने आयोजनाहरुको अध्ययन, सर्वेक्षण, तयारी, कार्यान्वयन, अनुगमन र सञ्चालनमा समन्वय
- प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन
- मौसम र जलमापन सञ्चार सञ्जाल व्यवस्थापन
- जलगुण तथा वायूगुण सम्बन्धी प्रयोगशाला व्यवस्थापन
- प्रदेशस्तरको यातायात सम्बन्धी नीति, कानून, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन अनुसन्धान र नियमन
- प्रदेशभित्रको सवारी दर्ता र नवीकरण, चालक अनुमति र नवीकरण

- प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमति, मापदण्ड, गुणस्तर र भाडा दर निर्धारण र अनुगमन तथा नियमन
- वातावरणमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन
- प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रदुषण नियन्त्रण सम्बन्धी योजना निर्माण र कार्यान्वयन
- रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन
- प्रदेश लोकमार्ग, सडक, पुल, झोलुङ्गेपुल सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा र निर्माण, स्तरोन्नति, मर्मत सम्भार, तथ्याङ्क व्यवस्थापन, सडक प्रविधि सम्बन्धी अध्ययन अनुसन्धान, यातायात सुरक्षा, कार्यान्वयन र नियमन तथा सडक अधिकार क्षेत्र (राइट अफ वे) को संरक्षण
- प्रदेशस्तरका सरकारी कार्यालयहरुको भौतिक व्यवस्थापन र निर्माण सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेश मुख्यमन्त्री, सभामुख, मन्त्री, उपसभामुख, प्रमुखसचिव तथा सचिवहरुको निवास व्यवस्थापन
- प्रदेशभित्रको सहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मत संभार र आवास तथा भवन सम्बन्धी योजनाहरुको कार्यान्वयन र मार्ग निर्देशन
- प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्द्धन
- प्रदेशस्तरमा राष्ट्रिय भवन संहिताको कार्यान्वयन र नियमन
- प्रदेशको राजधानी र प्रादेशिक शहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, संयोजन र पूर्वाधार निर्माण
- सुरक्षित बसोबास, जग्गा एकीकरण (ल्याण्डपूलीङ्ग), घर एकिकरण (हाउसपूलीङ्ग) सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन
- प्रदेशस्तरको खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, सेवाको शुल्क निर्धारण, योजना, आयोजना कार्यान्वयन तथा सञ्चालन, संभार र नियमन
- खानेपानी तथा सरसफाई सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
- सर्वसाधारणलाई स्वच्छ खानेपानीको उपलब्धता र खानेपानी, सरसफाई तथा स्वच्छतामा पिछडिएको वर्गको पहुँच सुनिश्चितता

## ६. सगंठन संरचना र स्वीकृत दरबन्दी

### ६.१ संगठन संरचना



## ६.२ स्वीकृत दरबन्दी

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह | उपसमूह | दरबन्दी संख्या | कै |
|---|---|---|---|---|---|---|---|
| १. | प्रदेश सचिव | रा.प.प्रथम | इन्जिनियरिङ्ग | | | १ | |
| २. | उपसचिव | रा.प.द्वितीय | नेपाल प्रशासन | सामान्य प्रशासन | | १ | |
| ३. | सि.डि.ई. | रा.प.द्वितीय | इन्जिनियरिङ्ग | सिभिल | हा.पा./इरिगेशन | १ | |
| ४. | सि.डि.ई. | रा.प.द्वितीय | इन्जिनियरिङ्ग | सिभिल | वि.एण्ड आर. | १ | |
| ५. | सि.डि.ई. | रा.प.द्वितीय | इन्जिनियरिङ्ग | सिभिल | जनरल | १ | |
| ६. | सि.डि.ई. | रा.प.द्वितीय | इन्जिनियरिङ्ग | सिभिल | हाईवे | १ | |
| ७. | सि.डि.ई. | रा.प.द्वितीय | इन्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | १ | |
| ८. | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सामान्य प्रशासन | | ४ | |
| ९. | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | | १ | |
| १०. | कानून अधिकृत | रा.प.तृतीय | न्याय | कानून | | १ | |
| ११. | इन्जिनियर | रा.प.तृतीय | इन्जिनियरिङ्ग | सिभिल | हा.पा. | ३ | |
| १२. | इन्जिनियर | रा.प.तृतीय | इन्जिनियरिङ्ग | सिभिल | वि.एण्ड आर. | ५ | |
| १३. | इन्जिनियर | रा.प.तृतीय | इन्जिनियरिङ्ग | सिभिल | इरिगेसन | ३ | |
| १४. | इन्जिनियर | रा.प.तृतीय | इन्जिनियरिङ्ग | सिभिल | जनरल | ३ | |
| १५. | इन्जिनियर | रा.प.तृतीय | इन्जिनियरिङ्ग | सिभिल | हाईवे | ६ | |
| १६. | इन्जिनियर | रा.प.तृतीय | इन्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | ६ | |
| १७. | नायव सुब्बा | रा.प.अनं. प्रथम | प्रशासन | सामान्य प्रशासन | | ४ | |
| १८. | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | बिबिध | | | १ | |
| १९. | खरिदार | रा.प.अनं.द्वितीय | प्रशासन | सामान्य प्रशासन | | १ | |
| २०. | सह लेखापाल | रा.प.अनं.द्वितीय | प्रशासन | लेखा | | १ | |
| २१. | हलुका सवारी चालक | श्रेणी बिहिन | | | | ४ | |
| २२. | कार्यालय सहयोगी | श्रेणी बिहिन | | | | ५ | |
| **जम्मा** | | | | | | **५५** | |

## ७. आ.व. २०७४/२०७५ कालागि स्वीकत योजना तथा कार्यक्रमहरु र तिनको अवस्था

| क्र.सं. | कार्यक्रम बुंदा नं. | कार्यक्रमको नाम | भौतिक प्रगति | वित्तीय प्रगति | कै. |
|---|---|---|---|---|---|
| १ | १ | मन्त्रालयको कार्य क्षेत्र सम्बद्ध कानुनहरुको निर्माण कार्यक्रम | ७० | ३७६ | |
| २ | २ | प्रदेश गौरवका अयोजनाको अध्ययन | १०० | ४९७ | |
| ३ | ३ | मन्त्रालयको प्रफाइल निर्माण एव प्रकाशन | ५० | | |
| ४ | | यातायात व्यवस्थापन योजना निर्माण र प्रकाशन | ५० | | |
| ५ | ५ | खानेपानी र सिंचाई सम्बन्धी रणनीतिक | १०० | | |
| ६ | | प्रदेश वैकल्पिक उर्जाको अध्ययन एव प्रतिवेदन | | | |
| ७ | | यातायात व्यवस्थापन नीति कानुन मापदण्ड निर्माण अनुगमन र प्रकाशन | ६० | | |
| ८ | | यातायात सडक सुधार सम्बन्धी सस्था तथा कार्यालयहरुको अध्ययन अनुसन्धान र प्रकाशन | ०।६ | | |

## ८. आ.व. २०७४/२०७५ कालागि स्वीकृत योजना तथा कार्यक्रमहरु र तिनको अवस्था

| क्र.सं. | कार्यक्रम बुँदा नं. | कार्यक्रमको नाम | भौतिक प्रगति | वितीय प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| १ | २७ | प्रदेश गौरवका आयोजनाको अध्ययन परियोजना बैंक निर्माण र प्रगती प्रतिवेदन प्रकाशन | १०० | | |
| २ | ३१ | प्रोफाइल प्रोजेक्ट बैंक | ७० | | |

## ९. चालु खर्च शिर्षकको प्रगति विवरण

| क्र.सं. | खर्च शिर्षक | खर्च शीर्षक | विनियोजित बजेट | खर्च रु. | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| १ | २११११ | पारिश्रमिक कर्मचारी | ३४९१००० | १९७३१५६.६ | ५६.५२ |
| २ | २११२१ | पोशाक | १७३००० | ३७५०० | २१.६८ |
| ३ | २११३२ | महगी भत्ता | ९२००० | ५१००० | ५५.४३ |
| ४ | २११३४ | कर्मचारीको बैठक भत्ता | १२०००० | ० | ०.०० |
| ५ | २११३९ | अन्य भत्ता | ५०००० | ४९५०० | ९९.०० |
| ६ | २२१११ | पानी तथा बिजुली | ५००००० | ३०८२८० | ६१.६६ |
| ७ | २२,११२ | संचार महसुल | ३००००० | २५७८५५ | ८५.९५ |
| ८ | २२२११ | ईन्धन (पदाधिकारी) | ५०००० | ० | ०.०० |
| ९ | २२२१२ | ईन्धन (कार्यालय प्रयोजन) | ४००००० | २०२२०० | ५०.५५ |
| १० | २२२१३ | सवारी साधन मर्मत खर्च | ५००००० | ३३८९७९ | ६७.८० |
| ११ | २२२२१ | मेशिनरी तथा औजार मर्मत संभार तथा संचालन खर्च | १००००० | ० | ०.०० |
| १२ | २२२३१ | निर्मित सार्बजनिक सम्पतिको मर्मत संभार खर्च | १००००० | ९६२८७ | ९६.२९ |
| १३ | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | २०००००० | १५६३१०५ | ७८.१६ |
| १४ | २२३१४ | ईन्धन अन्य प्रयोजन | ८०००० | ० | ०.०० |
| १५ | २२३१५ | पत्र पत्रिका,छपाई तथा सुचना प्रकाशन खर्च | ४२२००० | २८४८६७ | ६७.५० |
| १६ | २२४११ | सेवा परामर्श खर्च | २००००० | ० | ०.०० |
| १७ | २२४१३ | करार सेवा शुल्क | ५००००० | २८७८४४ | ५७.५७ |
| १८ | २२५११ | कर्मचारी तालीम खर्च | २००००० | ९२००० | ४६.०० |
| १९ | २२५२२ | कार्यक्रम खर्च | ५०००००० | ११७०८५५ | २३.४२ |
| २० | २२६११ | अनुगमन तथा मुल्याकंन खर्च | ५००००० | ४९४८२० | ९८.९६ |
| २१ | २२६१२ | भ्रमण खर्च | ५००००० | १०१५५० | २०.३१ |
| २२ | २२६१३ | बिशिष्ट ब्यक्ति तथा प्रतिनिधी मण्डलको भ्रमण खर्च | ३००००० | ० | ०.०० |
| २३ | २२७११ | विविध खर्च | ५००००० | १२३७८० | २४.७६ |
| | | **जम्मा** | **१६०७८०००** | **७४३३५७८.६** | **४६.२३** |

**<u>पूँजीगत खर्च शिर्षकको प्रगति विवरण</u>**

| क्र.सं. | खर्च शीर्षक | खर्च शीर्षक | विनियोजित बजेट | खर्च रु. | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ३१११५ | फर्निचर तथा फिक्चर्स | २५०००००० | २४६८८९९ | ९८.७६ |
| २ | ३११२१ | सवारी साधन | ९०००००० | ८९१४६०७ | ९९.०५ |
| ३ | ३११२२ | मेशिनरी तथा औजार | ३०००००० | २९८२१४३ | ९९.४० |
| ४ | ३११३२ | कमप्युटर सफट्वेयर निर्माण तथा खरीद खर्च | ५००००० | ३२३७६३ | ६४.७५ |
| | | **जम्मा** | **१५००००००** | **१४६८९४१२** | **९७.९३** |

## १०. मन्त्रालयबाट हालसम्म निर्माण गरिएका कानून तथा कार्यबिधीको विवरण

- प्रदेश सार्वजनिक सडक सम्बन्धी विधेयकको प्रस्ताव म.प.बाट स्वीकृत भई मस्यौदाको क्रममा रहेको।
- प्रदेश सवारी तथा यातायात सम्बन्धी विधेयकको प्रस्ताव म.प. बाट स्वीकृत भई मस्यौदाको क्रममा रहेको।

## ११. मन्त्रालयबाट २०७४/०७५ मा गरिएका गतिविधी र तिनको उपलब्धी

- प्रदेश खानेपानी तथा सरसफाई विधेयकको अवधारणा पत्र तयार भई सैद्धान्तिक सहमतिको लागी आन्तरिक मामिला तथा कानुन तथा आर्थिक मामिला योजना मन्त्रालयमा पठाइएको।

# सामाजिक विकास मन्त्रालय

## १. पृष्ठभूमिः

प्रदेशस्तरमा स्थापना गरिएको ७ मन्त्रालयहरु मध्ये सामाजिक विकास मन्त्रालय एक हो। यस मन्त्रालयको विषयगत क्षेत्र व्यापक रहेको छ। यस मन्त्रालय अन्तर्गत शिक्षा, युवा तथा खेलकूद, भाषा, संस्कृति, पुस्तकालय, स्वास्थ्य, महिला बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग तथा सामाजिक सुरक्षा जस्ता विषय क्षेत्रहरु तोकिएका छन्। खास गरी नागरिकलाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलव्ध गराई जीवनस्तरमा सुधार ल्याउनु, अपाङ्ग तथा असक्त नागरिकलाई समान व्यवहार र विषेश सेवा सुविधा उपलव्ध गराउनु, युवा तथा खेलकूद पूवार्धारको विकास विस्तार एवं भाषा, लिपी, कला संस्कृतिको संरक्षण र प्रयोग, स्मारक र पुरातात्विक महत्वका स्थल संरक्षण गर्ने यस मन्त्रालयको मुख्य भूमिका रहेको छ।

## २. सोचः

- नागरिकको मौलिक अधिकारको रूपमा रहेको अधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने।
- प्रत्येक नागरिकले सहज रूपले गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्नेगरी अवश्यक औषधि, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवं जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको स्थापना गर्ने।
- स्वास्थ्य सेवा प्रवाहमा जनसहभागिता प्रवर्द्धन गर्ने र यसका लागि निजी तथा सहकारी क्षेत्रको संलग्नता वृद्धि र व्यवस्थित गर्दै अपनत्व प्रवर्द्धन गर्ने।
- सबै नेपाली नागरिकहरु शारीरिक, मानसिक, सामाजिक र भावनात्मक दृष्टिकोणबाट स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवनयापन गर्न सक्षम हुने।
- लैङ्गिक समानता मार्फत मर्यादित, न्यायपूर्ण, सुरक्षित र सभ्य समाजको विकास गर्ने।
- बालबालिका तथा किशोर किशोरीहरुका अधिकार संरक्षण गर्दै उनीहरुलाई सक्षम र योग्य नागरिक बनाउने।
- ज्येष्ठ नागरिकको अधिकारको संरक्षण एवं सम्मानजनक जीवनयापनको व्यवस्था गर्ने।
- आधारभूत सामाजिक संरक्षण, सेवा, सुविधाहरुमा सबै नागरिकको पहुँच अभिवृद्धि गर्ने।
- अपाङ्गता भएका व्यक्तिहरुको आर्थिक सामाजिक सशक्तिकरण तथा पूर्ण अपाङ्गता भएका व्यक्तिहरुको संरक्षणको व्यवस्था गर्ने।

- मानव बेचबिखन तथा ओसारपसारको नियन्त्रणबाट आत्मसम्मानयुक्त समाजको स्थापनागर्ने।
- सामाजिक, आर्थिक तथा राजनीतिक अवसरहरुमा समान सहभागिताको सुनिश्चतता गरी लैङ्गिक मूलप्रवाहिकरण र सशक्तिकरण गर्ने।
- बालबालिका विरुद्ध हुने सबै प्रकारका शारिरीक तथा मानसिक हिंसा, क्षति वा दुर्व्यवहारबाट बालबालिका तथा किशोर किशोरीहरुलाई संरक्षण गर्ने।
- ज्येष्ठ नागरिकका सेवा सुविधाहरुको पहुँचलाई सहज बनाई उनीहरुलाई सुरक्षित र सम्मानित तुल्याउनुका साथै सामाजिक संरक्षणका कार्यक्रमलाई समावेसी, गुणस्तरीय एवं प्रभावकारी बनाई लोक कल्याणकारी राज्यको स्थापना गर्न सघाउ पुऱ्याउने।
- अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको सुनिश्चितता गर्दै उनीहरुको जीवनस्तरमा सुधार गर्ने।
- सामाजिक संरक्षणका कार्यक्रमलाई समावेशी, गुणस्तरीय एवं प्रभावकारी बनाई लोक कल्याणकारी राज्यको व्यवस्थापना गर्न सघाउ पुऱ्याउने।
- मानव बेचबिखन तथा ओसारपसारको जोखिम पहिचान गरी नियन्त्रणका लागि उपयुक्त कदम चालिने।
- शिक्षामा सबैको पहुँच र गुणस्तर अभिवृद्धि गरी प्रतिस्पर्धी, उद्यमी र नवप्रवर्तनशील मानव पूँजीको विकासबाट आर्थिक सामाजिक रूपान्तरण गर्ने।
- बहुल संस्कृति एवम् सम्पदाहरूको संरक्षण, संवर्द्धन र सांस्कृतिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्ने।
- विकासमा युवा सहभागिताबाट समृद्ध राष्ट्र निर्माण गर्ने।
- स्वयंसेवक सेवाबाट सभ्य, सहयोगी र अन्तनिर्भर समाज निर्माण गर्ने।

## ३. उद्देश्यः

- नागरिकको मौलिक अधिकारको रूपमा रहेको अधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलव्ध गराउने।
- प्रत्येक नागरिकले सहज रूपले गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्नेगरी अवश्यक औषधि, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवं जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको स्थापना गर्ने।
- स्वास्थ्य सेवा प्रवाहमा जनसहभागिता प्रवर्द्धन गर्ने र यसका लागि निजी तथा सहकारी क्षेत्रको संलग्नता वृद्धि र व्यवस्थित गर्दै अपनत्व प्रवर्द्धन गर्ने।
- सामाजिक, आर्थिक तथा राजनीतिक अवसरहरुमा समान सहभागिताको सुनिश्चितता गरी लैङ्गिक

मूलप्रवाहीकरण र सशक्तिकरण गर्ने।

- लैङ्गिकतामा आधारित हिसा, भेदभाव र बहिष्करणको अन्त्य गर्ने।
- हिंसा प्रभावित तथा विभिन्न जोखिममा परेका महिला तथा पुरुषहरु समेतका लागि अल्पकालिन तथा दीर्घकालिन संरक्षणको व्यवस्था गर्ने।
- बालबालिका विरुद्ध हुने सबै प्रकारका शारीरिक तथा मानसिक हिंसा, क्षति वा दुर्व्यवहारबाट बालबालिका तथा किशोर किशोरीहरुलाई संरक्षण गर्ने।
- ज्येष्ठ नागरिकका सेवा सुविधाहरुको पहुँचलाई सहज बनाई उनीहरुलाई सुरक्षित र सम्मानित तुल्याउनुका साथै सामाजिक संरक्षणका कार्यक्रमलाई समावेशी, गुणस्तरीय एवं प्रभावकारी बनाई लोक कल्याणकारी राज्यको स्थापना गर्न सघाउ पुऱ्याउने।
- सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई सम्मानपूर्ण र अवरोधमुक्त वातावरणमा जीवनयापनका लागि आवश्यकीय कदम चाल्दै उनीहरुको समतामुलक पहुँच बढाउने।
- आर्थिक सामाजिक तथा सांस्कृतिक विकासमा पछाडि परेका समुदायको साधनस्रोत, सेवा र सुविधामा पहुँच सुनिश्चित गर्ने।
- सबै नागरिकहरुलाई शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरी शिक्षामा पहुँच, गुणस्तर र व्यवस्थापनमा बृद्धि गर्ने,
- गुणस्तरयुक्त जीवनयापन गर्न चाहिने सीप, योग्यता, क्षमताको, अभिबृद्धि गर्ने प्रतिस्पर्धी, उद्यमी र नवप्रवर्तनात्मक मानव पूँजीको विकासबाट आर्थिक, सामाजिक रुपान्तरण गर्ने,
- विकासमा युवा सहभागिताबाट समृद्ध राष्ट्र निर्माण ध्येयलाई योजनाबद्ध रुपमा खेलकूदको माध्यमबाट अघि बढाउने,
- प्रभावकारी कार्ययोजना र कार्यान्वयनका माध्यमबाट भाषाको जगेर्ना र सांस्कृतिक धरोहरको संरक्षण सम्वर्द्धन गर्ने तथा सांस्कृतिक पक्षको विकासमा जोड दिने,

## ४. लक्ष्यः

- संविधानले प्रदान गरेको स्वास्थ्य सम्बन्धी हकलाई सुनिश्चित गर्न गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच वृद्धि गरी न्यायसंगत एंव जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट स्वास्थ्य सेवा उपलव्ध गराउने।
- सामाजिक, आर्थिक तथा राजनीतिक अवसरहरुमा समान सहभागिताको सुनिश्चतता गरी लैङ्गिक मूलप्रवाहीकरण र सशक्तिकरण गर्ने।

- बालबालिका विरुद्ध हुने सबै प्रकारका शारीरिक तथा मानसिक हिंसा, क्षति वा दुर्व्यवहारबाट बालबालिका तथा किशोर किशोरीहरुलाई संरक्षण गर्ने।
- ज्येष्ठ नागरिकका सेवा सुविधाहरुको पहुँचलाई सहज बनाई उनीहरुलाई सुरक्षित र सम्मानित तुल्याउनुका साथै सामाजिक संरक्षणका कार्यक्रमलाई समावेसी, गुणस्तरीय एवं प्रभावकारी बनाई लोक कल्याणकारी राज्यको स्थापना गर्न सघाउ पुऱ्याउने।
- अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको सुनिश्चितता गर्दै उनीहरुको जीवनस्तरमा सुधार गर्ने।
- सामाजिक संरक्षणका कार्यक्रमलाई समावेशी, गुणस्तरीय एवम् प्रभावकारी बनाई लोक कल्याणकारी राज्यको स्थापना गर्न सघाउ पुऱ्याउने।
- मानव बेचबिखन तथा ओसारपसारको जोखिम पहिचान गरी नियन्त्रणका लागि उपयुक्त कदम चालिने।
- सबैलाई जीवनोपयोगी शिक्षाका अवसरहरू प्रदान गर्दै जीवनपर्यन्त सिकाइ उन्मूख तथा नवप्रवर्तनशील शैक्षिक प्रणाली विकास गर्ने।
- मुलुकको आवश्यकता अनुरूप गुणस्तरीय, व्यावसायिक र सीपयुक्त शिक्षा प्रदान गर्ने।
- रोजगारी एवम् स्वरोजगारीका लागि सीपमूलक शिक्षाको विस्तार गर्ने।
- धार्मिक, पुरातात्विक तथा ऐतिहासिक सम्पदाहरूको पुनर्निर्माण गरी संरक्षण र सम्बर्द्धन गर्ने।
- मौलिक संस्कृतिहरूको जगेर्ना गर्दै सांस्कृतिक पर्यटनको प्रवर्द्धन गर्ने।
- युवाहरूलाई राष्ट्रको सर्वाङ्गिण विकासमा मूलप्रवाहीकरण गर्ने।
- स्वयंसेवी भावनाको प्रवर्द्धन र स्वयंसेवकका रूपमा सेवा गर्न चाहने व्यक्ति तथा संस्थाहरूलाई परिचालन गरी विकासको राष्ट्रिय अभियानमा सहयोग पुऱ्याउने।

## ५. कार्यजिम्मेवारीः

- प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
- शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन
- प्रदेशस्तरमा पुस्तकालय, संग्रहालय, अभिलेखालय सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
- प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यवसायिक तालिम र छात्रवृत्ति सम्बन्धी नीति, कानुन तथा

मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन तथा पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्य सामाग्री निर्माण, उत्पादन र वितरण


- प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन
- प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन
- माध्यमिक तहको परीक्षा व्यवस्थापन
- प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन
- स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेशस्तरमा आवश्यक पर्ने प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुर्नस्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन
- स्वास्थ्यसेवा सम्बन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यवसायिक र पेसागत संघ संस्थाको दर्ता, सञ्चालन अनुमति र नियमन
- प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन
- राष्ट्रिय मापदण्ड बमोजिम औषधीजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको उत्पादन तथा संचय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम विसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र त्यस्ता सामग्री उत्पादन गर्ने उद्योगको दर्ता, खारेजी, सञ्चालन, अनुमति र नियमन
- राष्ट्रिय मापदण्ड अनुरुप अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता खारेजी, सञ्चालन, अनुमति र नियमन
- राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्य बीमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन
- प्रदेशस्तरीय स्वास्थ्य क्षेत्रको मानवस्रोत विकास र व्यवस्थापन
- औषधी निगरानी (Pharmacovigilance), औषधिको उचित प्रयोग र सुक्ष्म जीवनिरोधक प्रतिरोध (Antimicrobial Resistance)
- खोप र परिवार नियोजन
- संवेदनशील औषधी तथा अन्य स्वास्थ्य सामग्री खरीद तथा आपूर्ति व्यवस्थापन

- प्रदेशस्तरमा स्वास्थ्य सेवा सम्बन्धी अध्ययन तथा अनुसन्धान तथा सूचना प्रणाली, स्वास्थ्य लेखा पद्दतिको संस्थागत व्यवस्थापन, सूचना प्रवाह
- प्रदेशस्तरीय जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) व्यवस्थापन
- सूर्ति, मदिरा र लागुपदार्थजन्य वस्तुको मापदण्ड, नियन्त्रण तथा नियमन
- स्वास्थ्य क्षेत्रमा आपत्कालीन अवस्था, विपद् र महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवा प्रवाह, आपतकालीन अवस्थाका लागि औषधी तथा औषधीजन्य सामग्रीको प्रादेशिक बफरस्टक व्यवस्थापन
- सरूवा रोग तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम
- राष्ट्रिय मापदण्ड अनुरुप स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन
- स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्बन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन
- आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा सम्बन्धी प्रदेशस्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन
- जनसंख्या, बसाइसराइ र परिवार नियोजन सम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र सञ्चालन, क्षमता अभिवृद्धि र राष्ट्रिय संस्थाहरुसँगको सम्पर्क र समन्वय
- महिला हक सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन
- लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन तथा अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्स्थापना
- महिला सशक्तिकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन, अनुसन्धान
- लैंगिक उत्तरदायी बजेट र लैङ्गिक परीक्षण
- बाल बालिकाको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन, अनुसन्धान, बालमैत्री शासकीय प्रवन्ध र सेवा प्रवाह, बाल उद्धार कोष व्यवस्थापन र बाल सुधार तथा पुनर्स्थापना
- प्रदेशस्तरमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्त, बाल बालिकाका र महिला सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन

- समाजकल्याण र संघसस्था सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन
- युवासम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, युवा वैज्ञानिक प्रोत्साहन
- खेलकूद सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकूद तथा खेलकूद पूर्वाधारको विकास र प्रवर्द्धन
- खेलकूद प्रशासन र संघसंस्थाको समन्वय र नियमन
- राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता तथा कार्यक्रम आयोजना र सहभागिता
- लोपोन्मुख, सीमान्तकृत, गरिब, जेष्ठ नागरिक लक्षित आवास सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन
- सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको निर्माण तथा कार्यान्वयन, कोष व्यवस्थापन, नियमन, राष्ट्रिय र प्रादेशिक निकाय तथा संघ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य
- प्रदेशभित्र रोजगारी प्रवर्द्धन सम्बन्धी नीति, योजना, कार्यक्रम तथा मापदण्ड तर्जुमा तथा कार्यान्वयन र स्थानीय सरकारसँग समन्वय
- विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका स्थल सम्बन्धी
- भाषा, लिपी संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन
- ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं कला र वास्तु कलात्मक दृष्टिकोणले महत्व बोकेका प्रादेशिकस्तरका दरबारहरुको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन
- प्रादेशिकस्तरमा संग्रहालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन
- प्रदेशस्तरका पुरातात्विक महत्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचिन स्मारक, संग्रहालय, गढी, साँस्कृतिक धरोहर सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन एवम् संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन तथा पुनर्निर्माण
- धर्म, परम्परा र गुठी अन्तर्गत चलिआएका विभिन्न जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन
- संस्कृतिको विकास सम्बन्धी नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन

## ६. संगठन संरचना र स्वीकृत दरबन्दीः

### ६.१ संगठन संरचना



## ६.२ स्वीकृत दरबन्दीः

| क्र.सं | पद | श्रेणी/तह | सेवा | समूह | दरबन्दी संख्या | कै |
|---|---|---|---|---|---|---|
| १. | प्रदेश सचिव | रा.प.प्रथम | प्रशासन | | १ | |
| २. | उपसचिव | रा.प.द्वितीय | प्रशासन | सामान्य प्रशासन | १ | |
| ३. | उपसचिव | रा.प.द्वितीय | शिक्षा | | ३ | |
| ४. | प्रमुख महिला विकास अधिकृत | रा.प.द्वितीय | विविध | | १ | |
| ५. | प्रमुख मेडिकल अधिकृत | नवौं/दशौं | स्वास्थ्य | ज.हे.स. | १ | |
| ६. | वरिष्ठ/उपस्वास्थ्य प्रशासक | नवौं/दशौं | स्वास्थ्य | प.हे.न. | १ | |
| ७. | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन | सामान्य प्रशासन | ३ | |
| ८. | लेखा अधिकृत | रा.प. तृतीय | प्रशासन | लेखा | १ | |
| ९. | शाखा अधिकृत | रा.प. तृतीय | शिक्षा | शिक्षा प्रशासन | ५ | |
| १०. | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन | पुरातत्व | १ | |
| ११. | कानून अधिकृत | रा.प. तृतीय | न्याय | कानून | १ | |
| १२. | महिला विकास अधिकृत | रा.प. तृतीय | विविध | | २ | |
| १३. | मेडिकल अधिकृत | आठौं | स्वास्थ्य | ज.हे.स. | ३ | |
| १४. | आयुर्वेद चिकित्सक | आठौं | स्वास्थ्य | आयुर्वेद | १ | |
| १५. | नर्सिङ्ग अधिकृत | सातौं/आठौं | स्वास्थ्य | प.हे.न. | १ | |
| १६. | नर्सिङ्ग अधिकृत | सातौं/आठौं | स्वास्थ्य | ज.हे.न. | १ | |
| १७. | जनस्वास्थ्य अधिकृत | सातौं/आठौं | स्वास्थ्य | हे.इ. | २ | |
| १८. | फार्मेसी अधिकृत | सातौं/आठौं | स्वास्थ्य | फार्मेसी | १ | |
| १९. | स्वास्थ्य शिक्षा अधिकृत | सातौं/आठौं | स्वास्थ्य | स्वास्थ्य शिक्षा | १ | |
| २०. | इन्टोमोलोजिष्ट | सातौं/आठौं | स्वास्थ्य | हे.इ. | १ | |
| २१. | नायब सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सामान्य प्रशासन | ४ | |
| २२. | प्रा.स. | रा.प.अनं.प्रथम | शिक्षा | शिक्षा प्रशासन | ५ | |
| २३. | प्रा.स. | रा.प.अनं.प्रथम | शिक्षा | पुरातत्व | १ | |
| २४. | तथ्याङ्क सहायक | रा.प.अनं.प्रथम | आ.यो.त. | तथ्याङ्क | १ | |
| २५. | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | बिबिध | | २ | |
| २६. | महिला विकास निरिक्षक | रा.प.अनं.प्रथम | विविध | | २ | |
| २७. | हेल्थ असिष्टेन्ट | ५/६/७औं | स्वास्थ्य | हे.इ. | ३ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २८. | स्टाफ नर्स | ५/६/७औं | स्वास्थ्य | प.हे.न. | २ | |
| २९. | फार्मेसी सहायक | ५/६/७औं | स्वास्थ्य | फार्मेसी | १ | |
| ३०. | कविराज | ५/६/७औं | स्वास्थ्य | आयुर्वेद | १ | |
| ३१. | सह लेखापाल | रा.प.अनं.द्वितीय | प्रशासन | लेखा | १ | |
| ३२. | हलुका सवारी चालक | श्रेणी बिहिन | | | ५ | |
| ३३. | कार्यालय सहयोगी | श्रेणी बिहिन | | | ८ | |
| **जम्मा** | | | | | ६८ | |

**७. आ. ब. २०७४/०७५ मा मन्त्रालयको नाममा स्वीकृत योजना तथा कार्यक्रमहरु र तिनको अवस्थाः**

| **क्र.सं.** | **कार्यक्रम बूँदा नं.** | **कार्यक्रमको नाम** | **भौतिक प्रगति** | **वित्तीय प्रगति** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | | मन्त्रालयको कार्यक्षेत्र अन्तर्गतका विविध ऐन, नियम, कार्यविधि जस्ता कानूनहरुको निर्माण | १००% | ६०% | |
| २ | | प्रदेश गौरवका आयोजनाको अध्ययन, परियोजना बैंक निर्माण र प्रतिवेदन प्रकाशन | १००% | ८४% | |
| ३ | | मन्त्रालयको प्रोफाइल निर्माण एवं प्रकाशन | १००% | ७७% | |
| ४ | | सामाजिक सुरक्षा नीति निर्माण एवं प्रकाशन (योजना माग एवं प्रोफाइल निर्माण कार्य गर्न अनुगमन मूल्याङ्कनको लागि गाडी भाडा तथा जिन्सी सामाग्री सुरक्षाको लागि घरभाडा कार्यक्रम समेत) | १००% | ९४% | |
| ५ | | व्यवस्थित र पूर्वाधार सहितका अनाथालय, बृद्धाश्रम आवश्यकता, सुधार र सम्भाव्यता अध्ययन एवम् प्रतिवेदन प्रकाशन | १००% | ९२% | |
| ६ | | प्रदेशमा रहेका स्वास्थ्य केन्द्रहरुबाट सहज, सरल र सुविधाजनक तरिकाले स्वास्थ्य उपचार, तोकिएको निशुल्क औषधि एवं स्वास्थ्य सेवा उपलब्ध गराउन आवश्यक व्यवस्थापकीय, नीतिगत एवं प्रक्रियागत प्रणालीको सुधार | १००% | १००% | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | | प्रदेशमा सबै स्थानीय तहको केन्द्रमा सुबिधा सम्पन्न अस्पतालको स्थापना गर्न आवश्यकता, सम्भाव्यता र मोडालिटीको अध्ययन तथा प्रतिवेदन प्रकाशन | १००% | ४०% | |
| ८ | | ग्रामीण तहमा निरन्तर बसी स्वास्थ्यको क्षेत्रमा अतुलनीय योगदानगर्ने स्वास्थ्य स्वयंसेविकाहरुको ज्ञान, शीप र क्षमतामा निखारता ल्याई अझै जिम्मेवार बनाउने एवम् उनीहरुको सेवा, सुविधा र पारिश्रमिक समय सापेक्ष गर्न आवश्यक प्रक्रियाको थालनी, अध्ययन एवं प्रतिवेदन | १००% | १००% | |
| ९ | ४ | प्रदेशमा युवा वैज्ञानिक कोष एवैप्रयोगशाला सम्बन्धमा अध्ययन र प्रतिवेदन प्रकाशन | १००% | ७% | |
| १० | | प्रादेशिक शिक्षा, शिक्षालय र शिक्षक सुधार तथा प्रभावकारिता अभिवृद्धि नीति तथा मापदण्ड निर्माण तथा प्रकाशन | १००% | ३७% | |
| ११ | | प्रादेशिक स्वास्थ्य सेवा, सेवा केन्द्र र सेवा प्रदायकको सुधार एवम् प्रभावकारिता अभिबृद्धि सम्बन्धी नीति तथा मापदण्ड निर्माण तथा प्रकाशन | १००% | १००% | |
| १२ | | प्रदेशमा भाषा लिपी संरक्षण र सम्वर्द्धन सम्बन्धी अध्ययन, अनुसन्धान, मापदण्ड निर्माण र प्रतिवेदन | १००% | १००% | |
| १३ | | आपतकालीन बालउद्धार कोषको निर्माणको अध्ययन कार्यविधि निर्माण तथा प्रकाशन | १००% | ९२% | |
| १४ | | सामाजिक क्षेत्रको प्रभावकारिता अभिवृद्धि सम्बन्धी कार्यको एकिकृत अनुगमन, सुपरिवेक्षण तथा प्रतिवेदन | १००% | ६९% | |

## ८. आ. व. २०७४/२०७५ को वार्षिक बजेट वक्तव्यमा समावेश मन्त्रालयसँग सम्बद्ध कार्यक्रम र तिनको अवस्थाः

| क्र.सं. | बजेट वक्तव्यको बुदा नं. | कार्यक्रमको नाम | भौतिक प्रगति | वित्तीय प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| १ | - | - | - | - | - |

## ९. चालु र पूँजीगत खर्च शीर्षकको प्रगति विवरणः

| क्र.सं. | खर्च संकेत | खर्च शिर्षकको नाम | बजेट | खर्च | प्रतिशत | कै |
|---|---|---|---|---|---|---|
| १. | २११११ | पारिश्रमिक कर्मचारी | २१००००० | २०५२०१० | ९७.७१ | |
| २. | २११२१ | पोशाक | ५०००० | ४५००० | ९० | |
| ३. | २११३२ | महंगी भत्ता | ९०००० | ५५००० | ६१.११ | |
| ४. | २११३४ | कर्मचारी बैठक भत्ता | १००००० | १००००० | १०० | |
| ५. | २११३९ | अन्य भत्ता | १००००० | ० | ० | |
| ६. | २२१११ | धारा तथा बिजुली | ५०००० | ६२०० | १२.४ | |
| ७. | २२११२ | संचार महशुल | १००००० | ७०९४२ | ७०.९४ | |
| ८. | २२२११ | इन्धन (पदाधिकारी) | ५०००० | ४५१७५ | ९०.३५ | |
| ९. | २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ३००००० | १५३७५९ | ५१.२५ | |
| १०. | २२२१३ | सवारी साधन मर्मत | ५००००० | ४९२७३२ | ९८.५५ | |
| ११. | २२२१४ | बिमा तथा नबिकरण खर्च | १००००० | ४१९४५ | ४१.९५ | |
| १२. | २२२२१ | मेशिनरी औजार मर्मत सम्भार तथा संचालन खर्च | १००००० | ८२३७७ | ८२.३८ | |
| १३. | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | २५००००० | १४७३९६४ | ५८.९६ | |
| १४. | २२३१४ | इन्धन-अन्य प्रयोजन | १००००० | ० | ० | |
| १५. | २२३१५ | पत्रपत्रिका छपाइ तथा सुचना प्रकाशन खर्च | ५००००० | ४०९७६६ | ८१.९५ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६. | २२४१३ | करार सेवा शुल्क | २००००० | १९९८०४ | ९९.९ | |
| १७. | २२५२२ | कार्यक्रम खर्च | ६५००००० | ४६७१९६६ | ७१.८८ | |
| १८. | २२६११ | अनुगमन तथा मूल्यांकन खर्च | २००००० | १९९५०० | ९९.७५ | |
| १९. | २२६१२ | भ्रमण खर्च | १००००० | ८९१९० | ८९.१९ | |
| २०. | २२७११ | विविध खर्च | ५००००० | २८५७८४ | ५७.१६ | |
| | | **चालु खर्च जम्मा** | **१४२४००००** | **१०४७५११४** | **७३.५६** | |
| २१. | ३१११५ | फर्निचर तथा फिक्चर्स | २५००००० | २४१०२४५ | ९६.४१ | |
| २२. | ३११२१ | सवारी साधन | १२८८००००० | १२७८७५०० | ९९.२८ | |
| २३. | ३११२२ | मेशिनरी औजार | ३०००००० | २८५३८११ | ९५.१३ | |
| २४. | ३११३२ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च एवं अन्य वौद्धिक सम्पतिको प्राप्ति | ५००००० | ४०२३१८ | ८०.४६ | |
| | | **पुँजीगत खर्च जम्मा** | **१८८८००००** | **१८४५३८७४** | **९७.७४** | |
| | | **चालु र पुँजीगत जम्मा** | **३३१२००००** | **२८९२८९८८** | **८७.३५** | |

## १०. मन्त्रालयबाट हाल सम्म निर्माण गरिएका कानून एवं कार्यविधिको विवरणः

- स्वास्थ्य तथा पोषण ऐनको मस्यौदा तयार
- सामाजिक सुरक्षा ऐनको मस्यौदा सम्पन्न
- युवा सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ सैद्धान्तिक स्वीकृतिको लागि तयार भएको।

## ११. मन्त्रालयबाट आ.व. २०७४/०७५ मा गरेका अन्य गतिविधि र उपलब्धिः

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

## १. पृष्ठभूमिः

नेपालको दिगो विकासमा उद्योग, पर्यटन तथा वन क्षेत्रको महत्वपुर्ण योगदान रहि आएको छ। यसले देशमा रोजगारीको सिर्जना, वस्तु र सेवाको मूल्य अभिवृद्धि, आवश्यक वस्तु तथा सेवाको उपलब्धता, स्थानीय समुदायको आधारभूत वन पैदावारको आवश्यकता पूर्ति गर्नमा सहयोग पुऱ्याउँछ। सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिताद्वारा दिगो एवम् बृहत् आधार सहितको औद्योगिक विकासमार्फत रोजगारी सिर्जना गरी गरिबी न्यूनीकरण गर्नमा उद्योग क्षेत्रको महत्वपूर्ण भूमिका रहन्छ त्यसैगरी जनसहभागितामूलक वन व्यवस्थापनका माध्यमबाट स्थानीय आर्थिक सामाजिक विकास तथा स्थानीय नेतृत्व विकासमा पनि वन क्षेत्रको प्रत्यक्ष योगदान रहेको हुँदा उद्योग, पर्यटन, वन तथा वातावरण क्षेत्र राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रको रूपमा रहन गएको छ।

त्यसैगरी वाणिज्य क्षेत्रको विकासले वस्तु तथा सेवाको सहज आपूर्ति र देशमा उत्पादित वस्तु तथा सेवाको निर्यातबाट आर्थिक वृद्धिका साथै वैदेशिक वस्तुको व्यापार साथै सेवाको व्यापारबाट नवोदित अर्थतन्त्रले बढी फाइदा लिन व्यापारलाई आर्थिक विकासको मेरुदण्डको रुपमा लिन सकिन्छ। प्राकृतिक, साँस्कृतिक, साहसिक, ऐतिहासिक तथा धार्मिक दृष्टिबाट नेपाल विश्वकै एक प्रमुख पर्यटकीय गन्तव्य भएकोले पर्यटकीय गन्तव्यहरूको विविधीकरण गर्दै नयाँ पर्यटकीय स्थल र उपजहरूको पहिचान, विकास तथा पर्यटकीय पूर्वाधारहरूको विकास गरी पर्यटन उद्योगलाई राष्ट्रिय अर्थतन्त्रको एक प्रमुख आधारको रूपमा विकास गर्न जरूरी छ। पर्यटन प्रवर्द्धनको माध्यमबाट रोजगारीका अवसरमा वृद्धि गरी गरिबी न्यूनीकरण गर्दै जनताको जीवनस्तरमा सुधार गर्नु आवश्यक छ। त्यसैगरी ज्ञानमा आधारित आधुनिक अर्थतन्त्रको निर्माण गर्दै दिगो विकास गर्न विज्ञान प्रविधि महत्वपूर्ण हुन आउँछ। खासगरी परमाणु प्रविधि, अन्तरिक्ष विज्ञान, जैविक प्रविधि, अतिसूक्ष्म प्रविधि र अन्य नवीनतम खोजका क्षेत्र लगायतका विधामा सुरु भएका कार्यलाई प्रभावकारी रूपमा अघि बढाउँदै तिनको प्रयोगबाट द्रुततर आर्थिक विकासमा लाग्नुपर्ने आवश्यकता टड्कारो देखिएको छ।

## २. सोचः

- सघन तथा विविधतायुक्त वनस्रोत, विशिष्टीकृत जैविक विविधता, समृद्ध जलाधार र उद्यमशीलतायुक्त वन क्षेत्र।
- अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदानमा वृद्धि गरी आर्थिक रूपान्तरण र सुदृढ अर्थतन्त्रको निर्माण।
- वाणिज्य क्षेत्रको विस्तार गरी निकासी प्रवर्द्धन मार्फत आर्थिक समृद्धि।

- गुणस्तरयुक्त उपभोग्य वस्तु तथा सेवाको सहज र सर्वसुलभ आपूर्ति हुने वातावरणको सुनिश्चितता सहित उपभोक्ताको हक र हितको संरक्षण।
- आर्थिक समृद्धिका लागि पर्यटन विकास।
- विज्ञान तथा प्रविधिको विकासबाट समृद्धि।

## ३. उद्देश्यः

- दिगो वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गर्नु।
- जैविक विविधता र स्रोतको संरक्षण लगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गर्दै न्यायोचित वितरण सुनिश्चित गर्नु।
- जलवायु परिवर्तनका नकारात्मक प्रभाव न्यूनीकरण तथा अनुकूलन र विपद् जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्दै जल, जलस्रोत तथा भूमिको संरक्षणबाट भूमिको उत्पादकत्व वृद्धि गर्न जलाधार क्षेत्रको एकीकृत संरक्षण र व्यवस्थापन गर्नु।
- उद्योग क्षेत्रको उत्पादन वृद्धि गरी कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान बढाउनु।
- औद्योगिक क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी वृद्धि गरी रोजगारीका अवसर सृजना गर्नु।
- औद्योगिक वस्तुहरूको निर्यात वृद्धि गरी व्यापार घाटामा कमी ल्याउनु।
- आन्तरिक तथा अन्तर्राष्ट्रिय निर्यात व्यापार प्रवर्द्धन गर्दै स्थानीय कच्चा पदार्थ, स्रोत, साधन र सीप बढी प्रयोग हुने वस्तुको निकासी प्रवर्द्धन मार्फत प्राप्त हुने लाभलाई ग्रामीण तहसम्म विस्तार गर्नु।
- तुलनात्मक लाभका वस्तु तथा सेवाको मूल्य र गुणस्तरलाई प्रतिस्पर्धी बनाई व्यापार घाटा कम गर्नु।
- उपभोक्ताको हकहित संरक्षण गर्दै दैनिक उपभोग्य वस्तु तथा सेवा नियमित र सहज रूपमा आपूर्ति हुने व्यवस्था मिलाउनु।
- बजार प्रणालीलाई प्रतिस्पर्धी र उपभोक्ताप्रति जिम्मेवार तुल्याउँदै विपद्को समयमा समेत उपभोग्य वस्तुको आपूर्ति हुने व्यवस्था सुनिश्चित गर्नु।
- आपूर्ति व्यवस्थालाई दिगो, सुनिश्चित, गुणस्तरीय र प्रभावकारी बनाउनु।
- देशलाई आकर्षक तथा थप सुरक्षित गन्तव्यको रूपमा विकास गर्दै पर्यटन आगमनमा उल्लेखनीय वृद्धि गरी जनताको आयस्तरमा वृद्धि गर्नु।
- पर्यटकीय गन्तव्य स्थल तथा उपजमा विविधीकरण र विकास गर्नु।
- नेपालका प्रमुख पर्यटकीय उपजहरूको बजारीकरण तथा प्रवर्द्धन गर्नु।
- विज्ञान तथा प्रविधिको विकास, विस्तार र उपयोग क्षमता वृद्धि गर्नु।

## ४. लक्ष्यः

- औद्योगिक क्षेत्रको विकास र विस्तारद्वारा रोजगारीमा वृद्धि, निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन गरी राष्ट्रिय अर्थतन्त्रको अभिवृद्धि गर्ने।
- वन, वनस्पति, जडीबुटी, वन्यजन्तु, जैविक विविधता र जलाधारको समुचित संरक्षण, संवर्द्धन, व्यवसायिकरण र सदुपयोगद्वारा रोजगारी सिर्जना तथा जीविकोपार्जनमा सुधार गरी पारिस्थितिक प्रणालीबीच सन्तुलन कायम गर्ने।
- आन्तरिक तथा अन्तर्राष्ट्रिय निर्यात व्यापार प्रवर्द्धन गर्दै स्थानीय कच्चा पदार्थ, स्रोत, साधन र सीप बढी प्रयोग हुने वस्तुको निकासी प्रवर्द्धन मार्फत प्राप्त हुने लाभलाई ग्रामीण तहसम्म विस्तार गर्नुका साथै तुलनात्मक लाभका वस्तु तथा सेवाको मूल्य र गुणस्तरलाई प्रतिस्पर्धी बनाई व्यापार घाटा कम गर्नु।
- गुणस्तरयुक्त उपभोग्य वस्तु तथा सेवा सर्वसुलभ ढङ्गले वितरणको व्यवस्था मिलाई आपूर्ति व्यवस्था बढी प्रभावकारी बनाउने।
- पर्यटन क्षेत्रको विकासमार्फत आर्थिक वृद्धि र रोजगारीका अवसर अभिवृद्धि गर्ने।
- विज्ञान र प्रविधिको विकास र विस्तार गरी सामाजिक, आर्थिक, भौतिक र वातावरणीय विकासका पक्षसँग आबद्ध गर्ने।

## ५. कार्य जिम्मेवारीः

यस मन्त्रालयले जनतालाई छिटो छरितो तथा सहज सेवा प्रदान गर्दै शुसासन कायम राखी स्थानीय तह, प्रदेश तह र केन्द्रको सहकार्य तथा समन्वयमा समृद्ध प्रदेश बनाउन देहाय वमोजिमको क्षेत्रमा देहाय बमोजिमको कार्यजिम्मेवारी तय गरिएको छः

- व्यापार/वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवं नियमन र सिन्डिकेट तथा कार्टेलिङ्ग नियन्त्रण
- प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रवद्र्धन, सहजीकरण, बजार अनुगमन, समन्वय, तथ्यांक प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान र नियमन
- ढुवानी/परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन
- नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता
- व्यापारिक फर्महरुको दर्ता, नवीकरण, खारेजी र नियमन
- खानी तथा खनिज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एवं पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत संकलन, अभिलेखांकन,

अन्वेषण, उत्खनन, प्रादेशिक प्रयोगशालाको स्थापना तथा सञ्चालन र संघसँग समन्वय


- भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी
- कलकारखाना औद्योगिकीकरण सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन
- उद्योग दर्ता, अनुमति, नवीकरण एवं खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्द्धन र नियमन
- प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना र विस्तार
- औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन
- सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
- उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्द्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा कार्यान्वयन तथा अनुमगन
- मुल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवं नियमन
- संघिय मापदण्ड अनुसार स्टयान्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन
- उपभोक्ता अदालत गठन र संचालन
- अत्यावश्यक वस्तुहरुको प्रादेशिक माग र आपुर्ति सम्बन्धी सूचना संकलन, विश्लेषण, प्रक्षेपण र आपुर्ति व्यवस्था, मौजदातको व्यवस्था र आपुर्ति अन्तरप्रादेशिक र स्थानीय तहबिच समन्वय
- लक्षित क्षेत्र र बर्गका लागि वस्तु र सेवामा प्रादेशिक अनुदान र नियमन
- करार, साझेदारी र एजेन्सि सम्बन्धी प्रादेशिक नीति, कानुन मापदण्ड, कार्यान्वयन र नियमन
- संघ सँगको समन्वयनमा कम्पनी स्थापना सम्बन्धी नीति तथा कानुन तर्जुमा कार्यान्वयन, नियमन र कम्पनी र नियमन
- दामासाहीमा परेका उद्योग, व्यवसायिक कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति कानुन मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेशस्तरमा हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन
- प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन
- संघीय कानुन बमोजिम क्यासिनो तथा चिठ्ठा दर्ता, अनुमति र नियमन सम्बन्धी
- प्रदेशभित्रका उद्योगहरु र साना, मझौला, घरेलु तथा लघु उद्योगहरु स्थापना प्रवर्द्धन सम्बन्धमा नीती तथा मापदण्ड तर्जुमा कार्यान्वयन र नियमन
- औद्योगिक तथा ब्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन

- उद्योगमा श्रममुलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग
- स्वरोजगारका लागि उद्यमशिलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवस्थापन प्रवर्द्धन र नियमन
- प्रादेशिक पर्यटन विकासको नीति, कानून, मापदण्ड र योजना निर्माण, पूर्वाधार विकास, प्रवर्द्धन र नियमन
- पर्यटक प्रहरी व्यवस्थापन
- पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाईड, ¥यााफ्टिङ्ग आदिको दर्ता, अनुमति, नविकरण र नियमन
- प्रदेशस्तरमा वन क्षेत्रको नीति कानुन, मापदण्ड, तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन
- वन्यजन्तु र वन पैदावार ओसारपसार सम्बन्धी नियमन र अपराध नियन्त्रण
- वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक संग्रहालय व्यवस्थापन
- प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन
- हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन
- जडिवुटी खेती प्रविधि प्रवर्द्धन, विस्तार तथा बजारीकरण सम्बन्धी नीति तथा कानून तर्जुमा, तथा कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान तथा तथ्यांक संकलन
- वन तथा वातावरण सम्बन्धी विषयमा प्राविधिक सूचना तथा सेवा प्रवाह
- वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्बन्धी नीति, समन्वय र सहयोग
- प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्बेरियमहरुको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखिकरण सम्बन्धी नीति र व्यवस्थापन
- प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एवं लाभांश बाँडफाँड
- प्रदेशस्तरमा जलाधार संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन
- प्रदेशभित्र भूस्खलन नियन्त्रण
- भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, वर्गिकरण संरक्षण र व्यवस्थापन
- प्रदेशस्तरमा वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन
- प्रदेशस्तरमा वातावरण सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेशस्तरमा वातावरणीय सूचना प्रणालीको स्थापना
- प्रदेशस्तरमा वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार

- प्रदेशस्तरमा वातावरणीय, प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन तथा बातावरण मैत्री शासकीय प्रबन्ध
- प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनी तथा विद्युतीय लगायत प्रदुषणको मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियन्त्रण
- प्रदेशस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास प्रक्रिया र हरित क्षेत्र प्रबद्र्धन
- प्रदेशस्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र सम्वद्र्धन
- प्रदेशभित्र वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि, वातावरणीय सुशासन तथा परीक्षण
- संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति निर्धारण
- अन्तरप्रदेशीय नदी उकास तथा सडक किनार वृक्षारोपण व्यवस्थापन
- वृक्षारोपणको लागि दिगो तथा गुणस्तरीय बीउ उत्पादन, बीउबगैंचा स्थापना र व्यवस्थापन
- प्रदेशभित्र वृक्षारोपण तथा सम्भार सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेशभित्र जडिवुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी व्यवस्थापन
- वन्यजन्तु र चराचुरुङ्गी सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेशस्तरमा विज्ञान प्रविधिको विकास तथा विस्तार, यस सम्बन्धी तथ्यांक संकलन, प्रशोधन र सर्वेक्षण र विकास र उपयोग
- वैज्ञानिक अध्ययन अनुसन्धान एवं विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकास
- विज्ञान संग्रहालय र प्लानेटोरीयमको स्थापना, सञ्चालन र व्यवस्थापन
- खानेपानी, ध्वनी र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा एवं गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन
- श्रमिक एवं श्रमिकको सामाजिक अध्ययन सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र नियमन
- श्रमशक्ति, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना
- औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरुपण
- रोजगार प्रवर्द्धन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
- कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन

## ६. संगठन संरचना र स्वीकृत दरबन्दीः

### संगठन संरचना



## स्वीकृत दरबन्दी

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह | दरबन्दी संख्या | कै |
|---|---|---|---|---|---|---|
| १. | प्रदेश सचिव | रा.प.प्रथम | वन | समुहकृत नहुने | १ | |
| २. | उपसचिव | रा.प.द्वितीय | प्रशासन | सामान्य प्रशासन | ३ | |
| ३. | उपसचिव | रा.प.द्वितीय | वन | ज.फ. | २ | |
| ४. | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन | सामान्य प्रशासन | ६ | |
| ५. | लेखा अधिकृत | रा.प. तृतीय | प्रशासन | लेखा | १ | |
| ६. | कानून अधिकृत | रा.प. तृतीय | न्याय | कानून | १ | |
| ७. | कम्प्युटर इन्जिनियर | रा.प. तृतीय | बिबिध | | १ | |
| ८. | सहायक वन अधिकृत | रा.प. तृतीय | वन | ज.फ. | ३ | |
| ९. | सहायक भू-संरक्षण अधिकृत | रा.प. तृतीय | वन | स्वायल | १ | |
| १०. | सहायक वन अधिकृत | रा.प. तृतीय | वन | बोटानी | १ | |
| ११. | वातावरण निरीक्षक | रा.प. तृतीय | विविध | | १ | |
| १२. | नायब सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सामान्य प्रशासन | ७ | |
| १३. | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | बिबिध | | १ | |
| १४. | प्राविधिक सहायक | रा.प.अनं.प्रथम | वन | ज.फ. | ४ | |
| १५. | प्राविधिक सहायक | रा.प.अनं.प्रथम | वन | स्वायल | १ | |
| १६. | प्राविधिक सहायक | रा.प.अनं.प्रथम | वन | बोटानी | १ | |
| १७. | सह लेखापाल | रा.प.अनं.द्वितीय | प्रशासन | लेखा | १ | |
| १८. | हलुका सवारी चालक | श्रेणी बिहिन | | | ४ | |
| १९. | कार्यालय सहयोगी | श्रेणी बिहिन | | | ५ | |
| **जम्मा** | | | | | **४५** | |

## ७. आ. ब. २०७४/०७५ मा मन्त्रालयको नाममा स्वीकृत योजना तथा कार्यक्रमहरु र तीनको अवस्थाः

| क्र. सं. | कार्यक्रमको बुँदा नं. | कार्यक्रमको नाम | भौतिक प्रगति | वित्तीय प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| १. | १. | मन्त्रालयको कार्यक्षेत्र सम्बद्ध कानूनहरुको निर्माण | ५० | २५.८ | |
| २. | २. | मन्त्रालय सम्बद्ध प्रदेश गौरवका आयोजनाको अध्ययन, परियोजना बैंक निर्माण र प्रतिवेदन प्रकाशन | ० | ० | |
| ३. | ३. | मन्त्रालयगत योजना तथा प्रोफाईल निर्माण एवं प्रकाशन | १०० | ९९ | |
| ४. | ४. | जहाँ वन त्यहाँ व्यवस्थापन, जहाँ बाँझो त्यहाँ वृक्षारोपण नीति अवलम्बन गरी प्रभावकारी वन ब्यवस्थापन, समुचित वृक्षारोपण कार्यक्रम, हरित शहर प्रबर्द्धन, हरित नदी किनारा व्यवस्थापन तथा सार्वजनिक जग्गामा वृक्षारोपण, कृषि वन, निजी वन तथा शहरी वनको विकास तथा विस्तारका लागि आवश्यक अध्ययन प्रतिवेदन प्रकाशन | १०० | ९८.८ | परामर्श सेवा मार्फत् अध्ययन प्रतिवेदन तयार |
| ५. | ५. | कम प्रयोगमा आउने नरमकाठका रुख प्रजातिबाट उत्पादन हुने काठको सिजनिङ तथा प्रिजरभेटिभ प्लाण्टको प्रदेशस्तरमा व्यवस्थापन गर्न आवश्यक अध्ययन एवं प्रतिवेदन | १०० | ९८ | |
| ६. | ६. | प्रदेशस्तरमा पहिचान भएका खानी तथा खनिजलाई परिचालन एवं नयाँ संभावित खनिज श्रोतको अन्वेषण गर्न आवश्यक अध्ययन, अनुसन्धान र प्रतिवेदन प्रकाशन | १०० | १०० | |
| ७. | ७. | पर्यटन सर्किट लगायतको पर्यटकीय संभावना र व्यवस्थाकिय संरचनात्मक आवश्यकताको खोज, अध्ययन अनुसन्धान एवं प्रतिवेदन प्रकाशन | ० | ० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८. | ८. | प्यारागलाईडिङ्ग, र्‍याफ्टिङ्ग, बञ्जी जम्पिङ्ग, हट एयर बेलुनिंङ्ग जस्ता साहसिक पर्यटनलाई विस्तार र प्रवर्द्धन गरी आयआर्जन र राजस्व बृद्धि गर्ने माध्यमको रुपमा विकास गर्न आवश्यक अध्ययन कार्य र प्रतिवेदन | ० | ० | |
| ९. | ९. | वन तथा वन्यजन्तु संरक्षण, नियन्त्रण तथा अनुगमन सम्बन्धी कार्यको प्रभावकारी व्यवस्थापनका लागि आवश्यक अध्ययन तथा प्रतिवेदन (प्रादेशिक राष्टिय वन विधेयक तयारीका लागि जि. ब. अ., जि. भु. सं.अ., प्र. सं. अ., फेकोफन लगाएतका सरोकारवाला निकायहरुसँग विभिन्न ३ चरणमा छलफल अन्तरक्रिया गोष्ठी) | १०० | १०० | |
| १०. | १०. | नागरिकहरुलाई स्वच्छ वातावरणमा बाँच्न पाउने हक सुरक्षित गर्न वातावरण प्रदुषण नियन्त्रण सम्बन्धी कार्यको लागि अध्ययन एवं प्रतिवेदन | ० | ० | |

**नोटः** सम्बन्धित शिर्षकमा बिनियोजित बजेटमध्ये खर्च भएको रकमको आधारमा वित्तीय प्रगति राखिएको।

## ८. आ. ब. २०७४/०७५ को वार्षिक बजेट बक्तव्य समावेश मन्त्रालयसँग सम्बद्ध कार्यक्रम र तिनको अवस्थाः

| क्र. सं. | बजेट वक्तव्यको बुँदा नं. | कार्यक्रमको नाम | खर्च (रु हजारमा) | प्रगति प्रतिशत | कै. |
|---|---|---|---|---|---|
| १. | ७५, १२०, १७२ र १७४ | मन्त्रालयको कार्यक्षेत्र सम्बद्ध कानूनहरुको निर्माण | १२९.०० | ५० | |
| २. | ८९ | मन्त्रालय सम्बद्ध प्रदेश गौरवका आयोजनाको अध्ययन, परियोजना बैंक निर्माण र प्रतिवेदन प्रकाशन | ० | ० | |
| ३. | ७५, १२०, १७२ र १७४ | मन्त्रालयगत योजना तथा प्रोफाईल निर्माण एवं प्रकाशन | ४९५.६० | १०० | |
| ४. | ७३ | जहाँ वन त्यहाँ व्यवस्थापन, जहाँ बाँझो त्यहाँ वृक्षारोपण नीति अवलम्बन गरी प्रभावकारी वन व्यवस्थापन, | ३९५.५ | १०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | समुचित वृक्षारोपण कार्यक्रम, हरित शहर प्रवर्द्धन, हरित नदी किनारा व्यवस्थापन तथा सार्वजनिक जग्गामा वृक्षारोपण, कृषि वन, निजी वन तथा शहरी वनको विकास तथा विस्तारका लागि आवश्यक अध्ययन प्रतिवेदन प्रकाशन | | | |
| ५. | ७३ | कम प्रयोगमा आउने नरमकाठका रुख प्रजातिबाट उत्पादन हुने काठको सिजनिङ तथा प्रिजरभेटिभ प्लाण्टको प्रदेशस्तरमा ब्यवस्थापन गर्न आवश्यक अध्ययन एवं प्रतिवेदन | ३९४.९ | १०० | |
| ६. | ८८ | प्रदेशस्तरमा पहिचान भएका खानी तथा खनिजलाई परिचालन एवं नयाँ संभावित खनिज श्रोतको अन्वेषण गर्न आवश्यक अध्ययन, अनुसन्धान र प्रतिवेदन प्रकाशन | २०० | १०० | |
| ७. | १२० | पर्यटन सर्किट लगाएतको पर्यटकीय संभावना र व्यवस्थाकीय संरचनात्मक आवश्यकताको खोज, अध्ययन अनुसन्धान एवं प्रतिवेदन प्रकाशन | ० | ० | |
| ८. | १२० | प्याराग्लाईडिङ्ग, रयाप्टिङ्ग, बञ्जी जम्पिङ्ग, हट एयर बेलुनिङ्ग, जस्ता साहसिक जस्ता साहसिक पर्यटनलाई विस्तार र प्रबर्द्धन गरी आयआर्जन र राजस्व बृद्धि गर्ने माध्यमको रुपमा विकास गर्न आवश्यक अध्ययन कार्य र प्रतिवेदन | ० | ० | |
| ९. | ७३ | वन तथा वन्यजन्तु संरक्षण, नियन्त्रण तथा अनुगमन सम्बन्धी कार्यको प्रभावकारी व्यवस्थापनका लागि आवश्यक अध्ययन तथा प्रतिवेदन (प्रादेशिक राष्ट्रिय वन विधेयक तयारीका लागि जि. ब. अ., जि. भु. सं.अ., प्र. सं. अ., फेकोफन लगाएतका सरोकारवाला निकायहरुसँग विभिन्न ३ चरणमा छलफल अन्तरक्रिया गोष्ठी) | ५०० | १०० | |
| १० | १७२ | नागरिकहरुलाई स्वच्छ वातावरणमा बाँच्न पाउने हक सुरक्षित गर्न वातावरण प्रदुषण नियन्त्रण सम्बन्धी कार्यको लागि अध्ययन एवं प्रतिवेदन | ० | ० | |

**नोटः** नेपाल सरकार, आर्थिक वर्ष २०७४/०७५ को बजेट वक्तव्यमा उल्लेखित बुंदा नं. यहाँ उल्लेख गरिएको तथा प्रगति प्रतिशतको महलमा भौतिक प्रगति उल्लेख गरिएको।

## ९. चालु र पूँजीगत खर्च शीर्षकको प्रगति विवरणः

| क्र.सं. | खर्च संकेत | खर्च शिर्षकको नाम | बजेट | खर्च | प्रतिशत | कै |
|---|---|---|---|---|---|---|
| १ | २११११ | पारिश्रमिक कर्मचारी | ५०००००० | १७७५०९९ | ३६ | |
| २ | २११२१ | पोशाक | २४०००० | ५२५०० | २२ | |
| ३ | २११३२ | महंगी भत्ता | १५०००० | ५५००० | ३७ | |
| ४ | २११३९ | अन्य भत्ता | २००००० | २००००० | १०० | |
| ५ | २२१११ | धारा तथा बिजुली | ५००००० | ७७९३२ | १६ | |
| ६ | २२११२ | संचार महशुल | ३००००० | २६३९०९ | ८८ | |
| ७ | २२२११ | इन्धन (पदाधिकारी) | ५०००० | ५०००० | १०० | |
| ८ | २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ३५०००० | ३३९०७९ | ९७ | |
| ९ | २२२१३ | सवारी साधन मर्मत | ५००००० | ४९९९२६ | १०० | |
| १० | २२२१४ | बिमा तथा नबिकरण खर्च | १००००० | ४९७९२ | ५० | |
| ११ | २२२२१ | मेशिनरी औजार मर्मत सम्भार तथा संचालन खर्च | १००००० | ० | ० | |
| १२ | २२२३१ | निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार खर्च | २००००० | २००००० | १०० | |
| १३ | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | २५००००० | २४९९९९९ | १०० | |
| १४ | २२३१४ | इन्धन-अन्य प्रयोजन | ५०००० | ० | ० | |
| १५ | २२३१५ | पत्रपत्रिका छपाइ तथा सुचना प्रकाशन खर्च | ५००००० | १२०८७९ | २४ | |
| १६ | २२४१३ | करार सेवा शुल्क | ५००००० | ३४००० | ७ | |
| १७ | २२५११ | कर्मचारी तालिम | २००००० | २००००० | १०० | |
| १८ | २२५२२ | कार्यक्रम खर्च | ४५००००० | २१७९०५० | ४८ | |
| १९ | २२६११ | अनूगमन तथा मूल्यांकन खर्च | ५००००० | ५००००० | १०० | |
| २० | २२६१२ | भ्रमण खर्च | ५००००० | ५००००० | १०० | |
| २१ | २२६१३ | बिशिष्ठ व्यक्तीको भ्रमण खर्च | ३००००० | ० | ० | |
| २२ | २२७११ | बिबिध खर्च | ५००००० | ४२४०४४ | ८५ | |
| | | **चालु खर्च जम्मा** | **१७७४००००** | **१००२१२०९** | **५६** | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २३ | ३१११३ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | १००००० | ९५६३०९ | ९६ | |
| २४ | ३१११५ | फर्निचर तथा फिक्चर्स | २५९२००० | २५२५१०८ | ९७ | |
| २५ | ३११२१ | सवारी साधन | ९०००००० | ६८०९५०० | ७६ | |
| २६ | ३११२२ | मेशिनरी औजार | ३०००००० | २७१८४७० | ९१ | |
| २७ | ३११३२ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च एवं अन्य बौद्धिक सम्पतिको प्राप्ति | ५००००० | ४२३१९ | ८ | |
| | | **पुजिगत खर्च जम्मा** | **१६०९२०००** | **१३०५१७०६** | **८१** | |
| | | **चालु र पुजिगत जम्मा** | **३३८३२०००** | **२३०७२९१५** | **६८** | |

## १०. मन्त्रालयबाट हालसम्म निर्माण गरिएका कानून एव कार्यविधीः

आन्तरिक मामिला तथा कानून मन्त्रालय (प्रदेश नं. ३) बाट सैद्धान्तिक सहमति प्राप्त भई मस्यौदा तयार भएका कानून तथा कार्यविधीहरु यस प्रकार रहेका छन्।

- नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा र माटो) संकलन र उपयोग सम्बन्धी कार्यविधि, २०७५
- प्रादेशिक राष्ट्रिय वन विधेयक, २०७५
- प्रादेशिक औद्योगिक व्यवसाय ऐन, २०७५
- प्रादेशिक व्यापार व्यवसाय ऐन, २०७५
- प्रादेशिक पर्यटन नीति, २०७५

## ११. मन्त्रालयबाट आ. ब. २०७४/०७५ मा गरेका अन्य गतिविधि र तिनको उपलब्धीः

❖ **उद्योग तथा उद्यमशिलता विकास र लघुउद्यम विकास मोडेल सम्बन्धी अभिमुखिकरण**

यस मन्त्रालयको आयोजना तथा उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, काठमाडौंको समन्वय तथा सहजीकरण र लघु उद्यम विकास कार्यक्रमको प्राविधिक सहयोगमा यही २०७५ बैशाख २० गते हेटौंडा मकवानपुरमा सरोकारवाला निकायहरु बिच प्रस्तुतिकरण, छलफल तथा अन्तरक्रिया सम्पन्न भएको। यस गोष्ठिमा १४९ जनाको सहभागिता रहेको थियो साथै लघु उद्यम सम्बन्धी सामाग्रीहरुको प्रदर्शनी समेत राखिएको थियो।

- **पर्यटन,प्रवर्द्धन र विकासको लागि सरोकारवालाहरुसँग अन्तरक्रिया गोष्ठी**

  उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं.३, हेटैंडाको आयोजनामा काठमाण्डौमा २०७५/०१/२४ गते यो गोष्ठि सम्पन्न भएको थियो। यस गोष्ठिको मुख्य उद्धेश्य पर्यटन प्रवर्द्धन र यसको संभावना खोजी, पर्यटन क्षेत्रमा लागेका व्यक्तिहरुसँग भेटघाट र सम्बन्ध विस्तार, विभिन्न क्षेत्रका महानुभावहरुको विचार, सरसल्लाह र सुझाव संकलन तथा पर्यटन क्षेत्रका व्यवसायीहरुमा यस प्रदेश मन्त्रालयका बारेमा जानकारी गराउनु रहेको थियो। यस गोष्ठिमा ६६ जनाको सहभागिता रहेको थियो।

- **विश्व वातावरण दिवस, २०१८ को अवसरमा पुर्वपश्चिम राजमार्ग किनारा सरसफाई महाअभियान**

  प्लाष्टिकः सके पुनः प्रयोग गरौ, नसके बहिस्कार गरौं भन्ने नाराका साथ यस मन्त्रालय, मध्यमाञ्चल क्षेत्रीय वन निर्देशनालय, जिल्ला वन कार्यालयहरु, सामुदायिक वन उपभोक्ता समुहहरु, विद्यालय तथा अन्य सरोकारवाला निकायहरुको समन्वयमा चुरीयामाई हेटौंडा, मकवानपुर देखी चितवनको नारायणीसम्म राजमार्ग किनारामा वृहत सरसफाई अभियान संचालन गरिएको थियो।

- **राष्ट्रिय वृक्षारोपण दिवस, २०७५ को अवसरमा वृक्षारोपण कार्यक्रम**

  राष्टिय वृक्षारोपण दिवस, २०७५ को अवसरमा मिति २०७५/०३/१४ गते भोर्ले कबुलियती वन हर्नामाडी मकवानपुरमा विभिन्न प्रजातिका फलफुल, जडिबुटी लगाएतका ५०० गोटा बिरुवाको वृक्षारोपण गरिएको थियो।

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## १. पृष्ठभूमिः

नेपालको संविधानले देशको मुल संरचना संघ, प्रदेश र स्थानीय गरि तीन तहको हुने व्यवस्था गरे अनुरुप प्रदेश सभाको निर्वाचन सम्पन्न भई प्रदेश सरकार गठन तथा क्रियाशिल समेत भैसकेको छ। प्रदेश सभाको निर्वाचन पश्चात् नेपाल सरकारको मिति २०७४।१०।१० को निर्णय अनुसार प्रदेश ३ मा सातवटा मन्त्रालयहरु स्थापना भई कार्यारम्भ गरिसकेको अवस्था छ। यसै मध्ये यो मन्त्रालय पनि एक हो। प्रदेश सरकार कार्य विभाजन नियमावली २०७४ ले यस मन्त्रालयलाई कृषि तथा पशुपंक्षी विकास, भूमि श्रोत व्यवस्थापन तथा सहकारी क्षेत्रको विकास र समृद्धिको लागि जिम्मेवारी सुम्पिएको छ। २०७४ सालको माघ महिनादेखी यो मन्त्रालय सोहि अनुरुप क्रियाशील छ।

उपलब्ध भूमि श्रोतको वैज्ञानिक व्यवस्थापन गरी व्यावसायिक र आधुनिक कृषि प्रणालीको माध्यमबाट खाद्य तथा पोषण सुरक्षाको प्रत्याभूति गर्दै यस प्रदेशलाई प्रमुख कृषि उपजहरुमा आत्मनिर्भर बनाउने तथा बढ्दो खाद्यान्न आयातलाई क्रमिक रुपमा न्युनिकरण गर्ने लक्ष्य प्राप्ति गर्न सहकारी तथा निजी क्षेत्रको प्रबर्द्धन गर्दै कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी गरिबी न्युनिकरणमा योगदान गर्ने दिशामा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अग्रसर छ।

## २. सोचः

- खाद्य सम्प्रभूता सुनिश्चितता सहितको आत्मनिर्भर र समृद्ध प्रदेश।

## ३. उद्देश्यः

- कृषि क्षेत्रलाई दीगो, प्रतिस्पर्धी आधुनिक र व्यावसायिक वनाउने।
- प्रति इकाई जमिन तथा कृषि श्रमिकको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि मार्फत उद्योग प्रबर्द्धन गरी निर्यात गर्ने अवस्था सिर्जना गर्ने।
- एकिकृत कृषि, पशु सेवा, भूमि र सहकारी क्षेत्रमा सेवा प्रवाह सुनिश्चित गरी बृहत्तर उत्पादन क्षेत्र बनाउने।
- एकल महिला, जनजाति, आदिबासी, दलित लगायत पिछडिएको समुदायमा लक्षित भूमि, कृषि, तथा सहकारी सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने।
- चक्लाबन्दी गरी कृषिको समग्रमा उत्पादन र उत्पादकत्व बढाउने।
- “One Health Approach” मा आधारित वातावरण विकास तथा पशुपन्छी रोग न्यूनिकरण गर्ने।
- स्थानीय र रैथाने जातका कृषि तथा पशुपन्छीहरुको संरक्षण र प्रवर्द्धन गरी जैविक विविधताको संरक्षण एवं उपयोग गर्ने।

## ४. लक्ष्यः

- प्रदेशलाई खाद्यान्नमा आत्मानिर्भर बनाई उच्च र फराकिलो आर्थिक वृद्धिदर हासिल गर्ने।

## ५. कार्य जिम्मेवारीः


भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको कार्य जिम्मेवारी प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७४/११/१६ मा स्वीकृत गरेको प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले तोके अनुसार निम्नानुसार रहेको छ।

- कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानून मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन
- कृषि तथा पशुपन्छीजन्य रोग, किरा एवं महामारी नियन्त्रण
- कृषि औद्योगिकीकरण र पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रवर्द्धन
- कृषि तथा पशु यान्त्रिकीकरण र उन्नत औजार विकास तथा विस्तार
- कृषि तथा पशुरोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन
- कृषि उपज, कृषिजन्य बस्तु,पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामग्री तथा बिउबिजन एवम् नक्ष सम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, सम्बद्धता निर्धारण, स्तरीयकरण, प्रमाणीकरण र नियमन
- प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर
- कृषि तथा पशुपन्छी एवं खाद्य प्रविधि सम्बन्धी अध्ययन,अनुसन्धान एवम् विकास तथा प्रबर्द्धन, तथ्याङ्क प्रणालीको व्यवस्थापन र स्रोत संरक्षण
- कृषि मल, बिऊ र बिषादी आपुर्ति व्यवस्था र नियमन
- कृषि प्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तिकरण
- कृषिउपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन
- कृषि तथा पशुपन्छी बीमा सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन
- कृषि बजार, पूर्वाधार र कृषि फार्म केन्द्रहरुको विकास, विस्तार तथा सञ्चालन
- राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन
- सामुहिक खेति कृषि करार खेतिको कार्यान्वयन र प्रबर्द्धन
- चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन

- कृषि तथा पशुपन्छीजन्य औषधी, विषादी र सूक्ष्म पोषणतत्वयुक्त वस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रदेश नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन तथा उत्पादन, उपयोग र बिक्री बितरणको अनुमति, अनुगमन र नियमन
- भूमि व्यवस्थापन, भूमी प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भूउपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रदेश नीति, कानून तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन
- निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन
- जग्गा दर्ता, रजिष्ट्रेशन, जग्गाधनी प्रमाण पूर्जा, दाखिल खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन
- संघीय सरकारबाट प्राप्त हुने नक्सा, भौगोलिक सूचना र अभिलेख तथा प्रदेशभित्रका नापनक्सा र अभिलेखको व्यवस्थापन
- नाप नक्साका नियन्त्रण विन्दुहरुको सञ्जाल स्थापना
- क्रमबद्ध कित्ता नापी र भूमि लागत सम्बन्धी मापदण्ड र कार्यान्वयन
- भूमिहीन सुकुम्वासी, दलित, मुक्त कमैया, हलिया, हरवा चरवा आदि वर्गको बसोवास, जीविकोपार्जन र पुनःस्थापना सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन
- सरकारी जग्गा भाडामा दिने सम्बन्धी नीति,कानून,तथा मापदण्ड तर्जुमा,कार्यान्वयन र नियमन
- सुरक्षित बसोवास र जग्गा एकीकरण सम्बन्धी नीति कार्यान्वयन
- गुठी तथा गुठीजग्गा व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी तथा गुठीजग्गाको संरक्षण, अभिलेख व्यवस्थापन र संघीय तथा स्थानीय तहसँग समन्वय
- गरबी निवारण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा अध्ययन, अनुसन्धान, सर्वेक्षण, सूचना संकलन, गरिब घरपरिवार पहिचान, सामाजिक सुरक्षा र संरक्षण
- सहकारी संस्था, सहकारी संघ तथा सहकारी बैंक सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन अनुमति, नियमन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान
- सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक मापदण्ड निर्धारण र नियमन
- सहकारी सम्बन्धमा संघीय, अन्तरप्रादेशिक र स्थानीय तहका संघ संस्थासँग समन्वय र सहकार्य
- सहकारी क्षेत्रको विकास तथा प्रवर्धन, क्षमता अभिवृद्धि र परिचालन

# ६. संगठन संरचना र स्वीकृत दरबन्दीः

## ६.१ भूमि, कृषि व्यवस्था तथा सहकारी मन्त्रालयको सांगठनिक संरचना



## ६.२ भूमि, कृषि व्यवस्था तथा सहकारी मन्त्रालयको स्वीकृत दरबन्दीः

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह | दरबन्दी संख्या | कै |
|---|---|---|---|---|---|---|
| १. | प्रदेश सचिव | रा.प.प्रथम | नेपाल कृषि | समुहकृत नहुने | १ | |
| २. | उपसचिव | रा.प.द्वितीय | प्रशासन | सामान्य प्रशासन | २ | |
| ३. | वरिष्ठ कृषि विकास अधिकृत | रा.प.द्वितीय | कृषि | एग्.इको एण्ड मार्केटिङ्ग | १ | |
| ४. | वरिष्ठ कृषि विकास अधिकृत | रा.प.द्वितीय | कृषि | कृषि प्रसार | १ | |
| ५. | प्रमुख नापी अधिकृत | रा.प.द्वितीय | इन्जिनियरिङ्ग | सर्भे | १ | |
| ६. | वरिष्ठ पशु विकास अधिकृत | रा.प.द्वितीय | कृषि | ला.पो. एण्ड डेरी डे | १ | |
| ७. | कृषि अर्थ विज्ञ | रा.प.तृतीय | कृषि | एग्. इको एण्ड मार्केटिङ्ग | ३ | |
| ८. | खाद्य अनुसन्धान अधिकृत | रा.प.तृतीय | कृषि | खा.पो.गु.नि | २ | |
| ९. | कृषि प्रसार अधिकृत | रा.प.तृतीय | कृषि | कृषि प्रसार | २ | |
| १०. | बाली विकास अधिकृत | रा.प.तृतीय | कृषि | बाली विकास | २ | |
| ११. | कम्प्युटर इन्जिनियर | रा.प.तृतीय | विविध | | १ | |
| १२. | नापि अधिकृत | रा.प.तृतीय | इन्जिनियरिङ्ग | सर्भे | २ | |
| १३. | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन | सामान्य प्रशासन | ८ | |
| १४. | लेखा अधिकृत | रा.प. तृतीय | प्रशासन | लेखा | १ | |
| १५. | पशु विकास अधिकृत | रा.प. तृतीय | कृषि | ला.पो. एण्ड डेरी डे | ५ | |
| १६. | पशु चिकित्सक | रा.प. तृतीय | कृषि | भेटेरीनरी | ४ | |
| १७. | कानून अधिकृत | रा.प. तृतीय | न्याय | कानून | १ | |
| १८. | नायब सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सामान्य प्रशासन | ७ | |
| १९. | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | बिबिध | | २ | |
| २०. | तथ्याङ्क सहायक | रा.प.अनं.प्रथम | आ.यो.त. | तथ्यांक | १ | |
| २१. | प्राविधिक सहायक | रा.प.अनं.प्रथम | कृषि | एग्.इको एण्ड मार्केटिङ्ग | २ | |
| २२. | प्राविधिक सहायक | रा.प.अनं.प्रथम | कृषि | कृषि प्रसार | २ | |
| २३. | प्राविधिक सहायक | रा.प.अनं.प्रथम | कृषि | बागबानी | १ | |
| २४. | पशुसेवा प्राविधिक | रा.प.अनं.प्रथम | कृषि | ला.पो. एण्ड डेरी डे | ३ | |
| २५. | पशुस्वास्थ्य प्राविधिक | रा.प.अनं.प्रथम | कृषि | भेटेरीनरी | १ | |
| २६. | प्राविधिक सहायक | रा.प.अनं.प्रथम | कृषि | खा.पो.गु.नि | १ | |
| २७. | सर्भेयर | रा.प.अनं.प्रथम | इन्जनिरिङ्ग | सर्भे | १ | |
| २८. | खरिदार | रा.प.अनं.द्वितीय | प्रशासन | सामान्य प्रशासन | १ | |
| २९. | सह लेखापाल | रा.प.अनं.द्वितीय | प्रशासन | लेखा | १ | |
| ३०. | हलुका सवारी चालक | श्रेणी बिहिन | इन्जनिरिङ्ग | मेकानिकल | ६ | |
| ३१. | कार्यालय सहयोगी | श्रेणी बिहिन | | | ६ | |
| | **जम्मा** | | | | ७३ | |

## ७. आ.व.२०७४/०७५ मा मन्त्रालयको नाममा स्वीकृत योजना तथा कार्यक्रमहरु र तिनको अवस्थाः

स्वीकृत योजना तथा कार्यक्रमहरु

| कार्यक्रम बुंदा नं. | कार्यक्रमको नाम | भौतिक प्रगति | वित्तीय प्रगति | कैफियत |
|---|---|---|---|---|
| १ | मन्त्रालयको कार्य क्षेत्र सम्बद्ध कानूनहरुको (ऐन, नियम, कार्यविधि, मापदण्ड, निर्देशिका) निर्माण | मन्त्रालयको कार्य क्षेत्र सम्बद्ध कानूनहरुको (ऐन, नियम, कार्यविधि, मापदण्ड, निर्देशिका) निर्माण सम्बन्धी हेटौंडामा २, सिन्धुलीमा १ र धुलिखेल मा १ गरी ४ वटा अन्तरक्रिया सम्पन्न | १००% | |
| २ | प्रदेश गौरवका आयोजनाहरुको अध्ययन, परियोजना बैंक निर्माण र प्रतिवेदन प्रकाशन | प्रदेश गौरवका आयोजनाहरुको अध्ययन, परियोजना बैंक निर्माण सम्बन्धमा छलफल सम्पन्न | ८३.२% | |
| ३ | यस प्रदेशमा दुध तथा दुग्धजन्य उत्पादनहरु बढाइ कृषकहरुलाई उच्चतम प्रतिफल दिन एवं अर्थतन्त्रमा दुग्धजन्य उत्पादनको योगदान बढाउने लगायतका कार्य गर्नको लागि प्रादेशिक दुग्ध विकास बोर्ड गठन सम्बन्धीको कार्य | असल दुग्ध उत्पादन अभ्यास सम्बन्धी दुग्ध विकास सहकारीलाई तालिम दिईएको | ५३.६६% | |
| ४ | व्यावसायिक कृषि विकास तथा दक्ष कृषि जनशक्ति उत्पादनका लागि एक जिल्ला एक कृषक तालिम केन्द्रको अवधारणालाई अगाडि बढाउन आवश्यक प्रक्रियाको थालनी गर्नुका साथै | व्यवसायिक कृषि विकास तथा दक्ष कृषि जनशक्ति उत्पादनका लागि एक जिल्ला एक कृषक तालिम केन्द्रको अवधारणालाई अगाडि बढाउन आवश्यक प्रक्रियाको थालनी गर्नुका साथै | ४०% | |

| | | | | |
|---|---|---|---|---|
| | प्राविधिक सीपको लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न प्रदेश स्तरमै तालिम केन्द्र स्थापनाको लागि आवश्यक अध्ययन र प्रतिवेदन। प्रादेशिक कृषि अनुसन्धान तथा तालिम केन्द्रको अध्ययन र प्रतिवेदन | प्राविधिक सीपको लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न प्रदेश स्तरमै तालिम केन्द्र स्थापनाको लागि छलफल र अन्तरक्रिया सम्पन्न भएको | | |
| ५ | प्रदेशका सबै जिल्लामा कम्तिमा एउटा शीत भण्डारको निर्माण गरी कृषि उत्पादनको सुरक्षित भण्डारण र उपयुक्त समयमा उपयोगको प्रबन्धका लागि सम्भाव्यता अध्ययन र प्रतिवेदन | १००% | १००% | |
| ६ | प्रदेश न ३ मा भूमिसुधार नापी एवं मालपोत कार्यालयहरु रहने स्थानका वारेमा अध्ययन अनुसन्धान तथा प्रतिवेदन | १००% | १००% | |
| ७ | जिल्लागत रुपमा सरकारी, निजी, ऐलानी तथा गुठी लगायतका जग्गाहरुको विवरण संकलन तथा प्रकाशन | सरकारी, निजी, ऐलानी तथा गुठी लगायतका जग्गाहरुको विवरण संकलन तथा प्रकाशन सम्बन्धी गोष्ठि सम्पन्न | १००% | |
| ८ | प्रदेश अन्तर्गत रहने सहकारी संस्थाहरुको अध्ययन, तथ्यांक संकलन र प्रतिवेदन | प्रदेश अन्तर्गत रहने सहकारी संस्थानहरुको अध्ययन र तथ्यांक संकलन गरिएको | १००% | |
| ९ | कृषि सम्बन्धी प्रदेश स्तरीय वृतचित्र निर्माण तथा रेडीयो, टी भी र पत्रपत्रिका मार्फत कार्यक्रम प्रसारण तथा प्रकाशन | १००% | १००% | |

## ८. आ.व.२०७४/०७५ को वार्षिक बजेट वक्तव्यमा समावेश मन्त्रालयसँग सम्बद्ध कार्यक्रम र तिनको अवस्थाः

**बजेट वक्तव्यमा समावेश मन्त्रालयसँग सम्बद्ध कार्यक्रमहरु**

| क्र.सं. | बजेट वक्तव्यको बुंदा नं. | कार्यक्रमको नाम | भौतिक प्रगति | वित्तीय प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| १. | १. प्रदेश संरचना मार्फत् सम्पादन गर्नु पर्ने समग्र कार्यहरुलाई व्यवस्थित, प्रभावकारी, नीतिसम्मत् एवं नतिजाउन्मुख बनाउन आवश्यक पर्ने विकासको खाका कोर्न एवं गुरुयोजना निर्माण गर्न छलफल, परामर्श, अन्तरक्रिया, स्थलगत भ्रमण लगायत कार्यका लागि आवश्यक स्रोतको प्रबन्ध गरेको छु। | प्रदेश संरचना मार्फत् सम्पादन गर्नु पर्ने समग्र कार्यहरुलाई व्यवस्थित, प्रभावकारी, नीतिसम्मत एवं नतिजाउन्मुख बनाउन आवश्यक पर्ने विकासको खाका कोर्न एवं गुरुयोजना निर्माण गर्न छलफल, परामर्श, अन्तरक्रिया, स्थलगत भ्रमण कार्यक्रम | १००% | | |
| २. | आर्थिक मामिला तथा योजना मन्त्रालयको अगुवाईमा प्रदेशका १३ वटै जिल्लामा स्थलगतरुपमा गई प्रदेशका सबै मन्त्रालय मार्फत प्रदेश सरकारको अवधारणा, सोच एवं योजनाको जानकारी दिन र नागरिकहरुका अपेक्षाहरु संकलन गर्ने कार्यक्रम सञ्चालन गर्न आवश्यक रकमको प्रबन्ध गरेको छु। | प्रदेश सरकारको अवधारणा, सोच एवं अवधारणा, सोच एवं योजनाको जानकारी दिन र नागरिकहरुका अपेक्षाहरु संकलन गर्ने कार्यक्रम | १००% | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | यस प्रदेशमा दुध तथा दुग्धजन्य उत्पादनहरु बढाई कृषकहरुलाई उच्चतम प्रतिफल दिन एवं अर्थतन्त्रमा दुग्धजन्य उत्पादनको योगदान बढाउने लगायतका कार्यक्रम सञ्चालन गर्न प्रादेशिक दुग्ध विकास बोर्ड गठन गर्ने कार्य यसै आ.व.मा अगाडि बढाउने व्यवस्थाका लागि रकमको प्रबन्ध गरेको छु। | | दुग्ध विकास वोर्ड सम्बन्धी मस्यौदा कानून प्रदेश सभामा पेश भएको | | |
| ४. | ३१. प्रदेश सरकारले आगामी वर्षहरुमा गर्ने कार्यक्रमका लागि मन्त्रालयगत रुपमा नै प्रोफाईल, प्रोजेक्ट बैंक तयार पार्न एवं विभिन्न अध्ययन, अनुसन्धानजन्य कार्य गर्न आवश्यक रकम विनियोजन गरिएको छ। | मन्त्रालयगत प्रोफाईल निर्माण एवं प्रकाशन | मन्त्रालयको प्रारम्भिक प्रोफाइल निर्माण भएको। | | |

## ९. चालु र पूँजीगत खर्च शीर्षकको प्रगति विवरणः

### (क) चालु खर्च शीर्षकको प्रगति विवरण

| क्र.सं. | ख.शी.नं. | खर्च शीर्षक | विनियोजित बजेट | खर्च (रु) | प्रतिशत प्रगति | कै |
|---|---|---|---|---|---|---|
| १ | २११११ | पारिश्रमिक कर्मचारी | ३५00000.00 | १४२३७०६.५० | ४०.६८ | |
| २ | २११२१ | पोशाक | २१0000.00 | ३0000.00 | १४.२९ | |
| ३ | २११३२ | महंगी भत्ता | १५0000.00 | ३८000.00 | २५.३३ | |
| ४ | २११३९ | अन्य भत्ता | २00000.00 | २00000.00 | १००.०० | |
| ५ | २२१११ | पानी तथा बिजुली | ३७५000.00 | १९१२७६.00 | ५१.०१ | |
| ६ | २२११२ | संचार महशुल | ३00000.00 | २९९५४५.00 | ९९.८५ | |
| ७ | २२२११ | ईन्धन पदाधिकारी | ५0000.00 | ४९८३३.00 | ९९.६७ | |
| ८ | २२२१२ | ईन्धन कार्यालय प्रयोजन | ४00000.00 | ३९९१७८.00 | ९९.७९ | |
| ९ | २२२१३ | सवारी साधन मर्मत खर्च | ५00000.00 | ४८९७९९.00 | ९७.९६ | |
| १० | २२२१४ | विमा तथा नविकरण खर्च | १00000.00 | ८६७७४.00 | ८६.७७ | |
| ११ | २२२२१ | मेसिनरी तथा औजार मर्मत संभार | १00000.00 | ९५५४९.00 | ९५.५५ | |
| १० | २२२३१ | निर्मित सार्बजनिक सम्पत्तिको मर्मत संभार खर्च | २00000.00 | १९९५२८.00 | ९९.७६ | |
| ११ | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | २७५0000.00 | २७४५७१९.00 | ९९.८४ | |
| १२ | २२३१४ | ईन्धन अन्य प्रयोजन | ६0000.00 | १९०८५.00 | ३१.८१ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ५०००००.०० | ४७६३११.०० | ९५.२६ | |
| १४ | २२४१३ | करार सेवा शुल्क | ३७५०००.०० | ३७४७७४.०० | ९९.९४ | |
| १५ | २२५११ | कर्मचारी तालिम खर्च | २०००००.०० | ०.०० | ०.०० | |
| १६ | २२५२२ | कार्यक्रम खर्च | ६३०००००.०० | ३२९०३४५.०० | ५२.२३ | |
| १७ | २२६११ | अनुगमन मूल्याङ्कन खर्च | ५०००००.०० | ४९९६६०.०० | ९९.९३ | |
| | २२६१३ | विशिष्ट व्याक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | ३०००००.०० | ०.०० | ०.०० | |
| १८ | २२६१२ | भ्रमण खर्च | ५०००००.०० | ४९९७५०.०० | ९९.९५ | |
| १९ | २२७११ | विविध खर्च | ५०००००.०० | ४९९८१९.०० | ९९.९६ | |
| | | **जम्मा** | **१८०७००००.०** | **११९०८६५२** | **६५.९०** | |

## (ख) पूँजीगत खर्च शीर्षकको प्रगति विवरण

| **क्र.सं.** | **ख.शी.नं.** | **खर्च शीर्षक** | **विनियोजित बजेट** | **खर्च (रु)** | **प्रतिशत प्रगति** | **कै** |
|---|---|---|---|---|---|---|
| १ | ३१११५ | फर्निचर तथा फिक्चर्स | ३२०००००.०० | ३१९९९८४.०० | १००.०० | |
| २ | ३११२१ | सवारी साधन | ८०४६०००.०० | ७७१२३८३.०० | ९५.८५ | |
| ३ | ३११२२ | मेशिनरी तथा औजार | ३०९५०००.०० | ३०९४९६२.०० | १००.०० | |
| ४ | ३११३२ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद | ६५९०००.०० | ६५९०००.०० | १००.०० | |
| | | **जम्मा** | **१५००००००.००** | **१४६६६३२९.००** | **९७.७८** | |

## १०. मन्त्रालयबाट हालसम्म निर्माण गरिएका कानून एवं कार्यविधिको विवरणः

--

## ११. मन्त्रालयबाट आ.व.२०७४/०७५ मा गरेका अन्य गतिविधि र तिनको उपलब्धिः

- प्रादेशिक दुग्ध विकास बोर्ड गठन सम्बन्धी कानून प्रदेश सभामा दर्ता भएको र ५ वटा विधेयकको मस्यौदा तर्जुमा को क्रममा रहेको
- मन्त्रालयको वेबपृष्ठ निर्माण भई सञ्चालनमा आएको (molmac.p3.gov.np)
- कार्यालयलाई आवश्यक सवारी साधन, मेशिनरी अजार तथा फर्निचर लगायतका कार्यालय सामानको खरीद गरिएको
- मन्त्रालयको प्रारम्भिक प्रोफाईल निर्माण भएको
- प्रदेशका १३ वटै जिल्लाहरुमा गई त्यहाँको संभावना र चुनौतिबारे सरोकारवालाहरुसँग छलफल भएको
- मन्त्रालयको कार्यक्षत्रभित्र पर्ने विषयहरुमा कानून निर्माण गर्न पटक पटक विज्ञ तथा सरोकारवालाहरुसँग वैठक र अन्तरक्रिया गरिएको
- मन्त्रालयको प्रतिवद्धतापत्र २०७५ निर्माण गरी प्रकाशन गरिएको
- १३ वटै जिल्लाहरुमा कोल्ड स्टोर निर्माण सम्बन्धी संभाव्यता अध्ययन सम्पन्न भएको
- कृषि, पशुपन्छी तथा सहकारी क्षेत्रलाई समेटी एक वृत्त चित्र निर्माण भएको

# मुख्य न्यायाधिवक्ताको कार्यालय

## १. पृष्ठभूमिः

नेपालको संविधानको धारा १६० मा उल्लेख भए बमोजिम प्रदेश सरकारको कानूनी सल्लाहकारको रुपमा कार्य गर्न मुख्य न्यायाधिवक्ताको व्यवस्था भए बमोजिम प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकारको रुपमा रही संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारी समेतलाई कानूनी राय सल्लाह उपलब्ध गराउन यस कार्यालयको स्थापना भएको हो। वि.सं.२०७४ साल २३ फागुनमा मुख्य न्यायाधिवक्ताको नियुक्ति पश्चात् यस कार्यालयले अफ्नो नियमित कार्यसंचालन गर्दै आएको छ। प्रदेश सभाबाट "मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" पारित भई प्रमाणीकरणको चरणमा रहेको अवस्था छ।

## २. सोचः

प्रदेश सरकारलाई प्रचलित संविधान र कानून बमोजिम कार्य सम्पादन गर्न सहयोगी भुमिका निर्वाह गर्नेछ।

## ३. उद्देश्यः

- प्रदेश सरकार, प्रदेश सरकारका कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकारीले कुनै संबैधानिक वा कानूनी विषयमा राय परामर्स माग गरेमा कानूनी राय प्रदान गर्ने।
- प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार निहित रहेको वा प्रदेश भित्रका सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको पक्षबाट बहस पैरवी गर्ने।
- प्रदेश सरकारको व्यवस्थापन अन्तरगत थुनामा रहेका थुनुवा उपर मानवोचित व्यवहार भए नभएको सम्बन्धमा अनुगमन गर्ने।
- मानवअधिकार र मौलिक हकको संरक्षणका लागि अवश्यक कार्य गर्ने।

## ४. लक्ष्यः

- संविधान र कानूनी प्रश्नमा प्रदेश सरकारले मागेको राय सल्लाह सुझाव प्रदान गरेको हुनेछ।
- प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार निहित रहेको वा प्रदेश भित्रका सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फवाट अदालतमा उपस्थित भई बहस पैरवी हुनेछ।
- महान्यायाधिवक्ताको कार्यालय सँग समन्वय गरि प्रदेश सरकारको व्यवस्थापनमा थुनामा रहेका


थुनुवा उपर मानवोचित व्यवहार भए नभएको अनुगमन गरि मुख्य मन्त्री र महान्यायाधिवक्ता समक्ष प्रतिवेदन पेश गरिनेछ।

- मौलिक हको कार्यान्वयनको लागि प्रदेश सरकारलाई अवश्यक सुझाव दिने।

## ५. कार्य जिम्मेवारीः

| क्र.सं. | जिम्मेवारी | प्रमुख जिम्मेवार पदाधिकारी /अधिकारी | सहायक जिम्मेवारी |
|---|---|---|---|
| १ | कानूनी राय प्रदान | मुख्यन्यायाधिवक्ता | उपन्यायाधिवक्ता/ जिल्लान्यायाधिवक्ता |
| २ | बहस पैरवी गर्ने | मुख्यन्यायाधिवक्ता | उपन्यायाधिवक्ता/ जिल्लान्यायाधिवक्ता |
| ३ | मौलिक हकको कार्यान्वयनमा सुझाव प्रदान गर्ने | मुख्यन्यायाधिवक्ता | उपन्यायाधिवक्ता/ जिल्लान्यायाधिवक्ता |
| ४ | थुनामा रहेका कैदिहरुलाई मानवोचित व्यवहार भए नभएको अनुगमन गर्ने | मुख्यन्यायाधिवक्ता | उपन्यायाधिवक्ता/ जिल्लान्यायाधिवक्ता |

## ६. संगठन संरचना र स्वीकृत दरबन्दीः



**मुख्य न्यायाधिवक्ताको कार्यालयको दरबन्दी तेरिज**

| क्र.स. | पद | श्रेणी | सेवा | समुह/उप समुह | कूल दरबन्दी | कै |
|---|---|---|---|---|---|---|
| १. | उप सचिव | रा.प.द्वितीय | न्याय | सरकारी वकिल | १ | |
| २. | शाखा अधिकृत | रा.प.तृतीय | न्याय | सरकारी वकिल | ३ | |
| ३. | नायब सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सामान्य प्रशासन | २ | |
| ४. | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | १ | |
| ५. | कम्प्यूटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | | १ | |
| ६. | हलुका सवारी चालक | श्रेणी बिहीन | ईन्जिनियरिङ्ग | मे./ज.मे. | १ | |
| ७. | कार्यालय सहयोगी | श्रेणी बिहीन | प्रशासन | सामान्य प्रशासन | २ | |
| **जम्मा** | | | | | **११** | |

**७. आ.व.२०७४/०७५ मा कार्यालयका स्वीकृत योजना तथा कार्यक्रमहरु र तिनको अवस्था।**

| क्र.सं. | कार्यक्रम बुंदा नं. | कार्यक्रमको नाम | भौतिक प्रगति | वित्तीय प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |

**८. आ.व.२०७४/०७५ को वार्षिक बजेट वक्तव्यमा समावेस कार्यालयसँग सम्बद्ध कार्यक्रम र तिनको अवस्थाः**

| क्र.स. | बजेट बक्तव्यको बुदा नं. | कार्यक्रमको नाम | भौतिक प्रगति | वित्तीय प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |

## ९. चालु र पूँजीगत खर्च शीर्षकको प्रगति विवरणः

| क्र.सं. | ख.शी.नं. | खर्च शीर्षक | विनियोजित बजेट | खर्च रु. | प्रतिशत प्रगति | कै |
|---|---|---|---|---|---|---|
| १ | २११११२ | पारिश्रमिक पदाधिकारी | २३३००० | २०५६२२ | ८८.२५ | |
| २ | २११२१ | पोशाक | १०००० | ० | ० | |
| ३ | २११४२ | पदाधिकारी अन्य सुविधा | १६०००० | ९५७५३ | ५९.८५ | |
| ४ | २२१११ | पानी तथा बिजुली | १५००० | १५००० | १०० | |
| ५ | २२११२ | संचार महसुल | २५००० | २५००० | १०० | |
| ६ | २२२१२ | इन्धन कार्यालय प्रयोजन | १०००० | १०००० | १०० | |
| ७ | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ५०००० | ५०००० | १०० | |
| ८ | २२३१५ | पत्रपत्रीका तथा छपाइ | १०००० | १०००० | १०० | |
| ९ | २२४१३ | करार सेवा शुल्क | ६०००० | ५९४६३ | ९९.१ | |
| १० | २२७११ | विविध खर्च | २०००० | २०००० | १०० | |
| | | **चालु जम्मा** | **५९३०००** | **४९०८३८** | **८२.७७** | |
| ११ | ३१११३ | निर्मित भवनको संरचनागत सुधार खर्च | २९५००० | २९५००० | १०० | |
| १२ | ३१११५ | फर्निचर तथा फिक्चर्स | ६००००० | ६००००० | १०० | |
| १३ | ३११२१ | सवारी साधन | ४५५००० | ४५५००० | १०० | |
| १४ | ३११२२ | मेशनरी औजार | ४७०००० | ४७०००० | १०० | |
| | | **पुँजीगत जम्मा** | **१८२००००** | **१८२००००** | **१००** | |
| | | **चालु र पुँजीगत जम्मा** | **२४१३०००** | **२३१०८३८** | **९६** | |

## १०. कार्यालयवाट हालसम्म निर्माण गरिएका कानून एवं कर्यविधि विवरणः

नभएको।

## ११. कार्यालयवाट आ.व.२०७४/०७५ मा गरेको अन्य गतिविधि र तिनको उपलब्धीः

- कार्यालय स्थापना गरि संचालन गरिएको,
- प्रदेश सभामा पेश गरिएका विधेयकहरुमा आवश्यक कानूनी सल्लाह प्रदान गरिएको ,
- प्रदेश सरकार पक्ष वा विपक्ष भएको मुद्दामा प्रदेश सरकारको तर्फबाट लिखित जवाफ पेश गर्न सहयोग गरिएको,
- प्रदेश सभा र प्रदेश सभा अन्तरगतका विभिन्न समितिमा उपस्थित भई कानूनी प्रश्नको सम्बन्धमा राय प्रदान गरिएको,
- संगठन संरचना तयार गरिएको (संगठन संरचना पारित भएको )
- प्रदेश सभाबाट "मुख्य न्यायाधिवक्ताको काम , कर्तव्य र अधिकार तथा सेवाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" पारित भई प्रमाणी करणको चरणमा रहेको अवस्था छ।

प्रदेश सरकार
**आर्थिक मामिला तथा योजना मन्त्रालय**
प्रदेश नं.३, हेटौंडा, नेपाल
फोन नं.: ०५७-५२७५२०, ०५७-५२७५१८
इमेल : info@moeap.p3.gov.np, वेब : moeap.p3.gov.np